का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ भदौ २०८०,
आइतबार
17 September 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# बदलिएको दिनचर्या



शनिबार भक्तपुरमा विद्यार्थीसँग अन्तरक्रियात्मक कार्यक्रममा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली ।

मेरा केही असफलताहरू छन् । मैले नेपालविरुद्धको षड्यन्त्रलाई पराजित गर्न सकिराखेको छैन । तपाईंहरू (विद्यार्थी)ले ती षड्यन्त्रहरूलाई पराजित गर्नुपर्दछ । त्यसकारण म आफूलाई अब्बल राजनीतिज्ञ भन्न सक्दिनँ, यतिचाहिँ हो- म इमानका साथ काम गर्छु । इमानदार प्रयास गर्छु । देशलाई माया गर्छु, जनतालाई माया गर्छु ।

**केपी शर्मा ओली**
अध्यक्ष, एमाले

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेपाली राजनीतिका चतुर खेलाडी मनिन्छन् । सत्ता राजनीतिमा रणनीतिक रुपमा सक्रिय हुने अध्यक्ष ओली समाजसँग पनि निरन्तर सम्बन्ध राख्ने प्रयासमा हुन्छन् । हाल एमाले सरकारमा छैन् । यसबेला ओलीको दिनचर्या राजनीतिसँगै युवा, विद्यार्थी र बृद्धबद्धाको समूहमा समेत भेटिन्छ ।

शनिवार उनी भक्तपुरमा विद्यार्थीसँग अन्तरक्रियामा सरिक रहे । डेढ घण्टा बढी विद्यार्थीहरुसँग सवाल जवाफमा बिताए । समाजमा बढेको नैराश्यता चिर्ने प्रयास गरे । नेपालीहरुले दुखमा रहेको तर सुखी हुनका लागि प्रयत्नशिल रहेको उल्लेख गर्दै उनले केही समयमै नेपाल अहिलेको भन्दा सहज अवस्थामा पुग्ने भनी विद्यार्थीहरुमा हौसला थप्ने प्रयास गरे ।

ओलीले आफू अझै २० वर्ष सक्रिय रहने पनि बताए । सक्रिय रहेर देश र पार्टीको नेतृत्व गर्नेलाई सहयोग गर्ने चाहना रहेको सुनाए । बाँचुन्जेल पद नछोड्ने प्रवृत्तिलाई आफूले तोड्न चाहेको उल्लेख गर्दै उनले नेतृत्वमा नयाँ पुस्ता देख्न चाहेको बताए ।

'मैले २० वर्ष त सक्रिय रहने विचार गरेको छु अब । तर, २० वर्ष सक्रिय रहनुको अर्थ म २० वर्षै देशको नेतृत्व गर्छु, पार्टीको नेतृत्व गर्छु भनेको होइन । सक्रिय रहेरै नेतृत्व गर्नेहरूलाई सहयोग गर्छु ।' अध्यक्ष ओलीले भनेका छन् । नेपालमा बाचुन्जेल पद नछाड्ने प्रवृतिलाई आफूले तोड्न चाहेको उनले सुनाए । 'एउटा प्रचलन छ -बाँचुन्जेल पद छोड्न नखोज्ने, पदमै टाँसिन खोज्ने, आवश्यकता होस् कि नहोस्, काम गर्न सकोस् कि नसकोस्, स्मरण शक्ति होस् कि नहोस्, बोल्न सकोस् कि नसकोस्, तर पनि पदमा बसिरहन चाहने । त्यो प्रवृत्ति छ । त्यो प्रवृत्तिलाई मैले सचेतनतापूर्वक तोड्न चाहन्छु । आफू सक्रिय रहँदा रहँदै कार्यभार अरूलाई सुम्पिएर सहयोग गर्ने देश चलाउनका लागि ।' आफ्नो भावी योजना अध्यक्ष ओलीले विद्यार्थीहरुलाई सुनाएका छन् ।

हाल नेपालमा तस्करी, कमिसनखोरी, भ्रष्टाचारीको बिगबिगी रहेको भएता पनि नेपाल दुर्दिनको अन्तिम किस्तामा रहेको उनको भनाइ छ । उनी भन्छन्, 'नेपालको दुर्दशाको, नेपालको दुर्दिनको अन्तिम किस्तामा छौँ । यो अहिलेको दुर्दशा, दुर्दिन भनेको नेपालको अन्तिम दुर्दिन हो । यसभन्दा पछि यस्तो दुर्दिन देख्नु पर्दैन ।'

> सत्ता राजनीतिमा रणनीतिक रुपमा सक्रिय हुने ओली समाजसँग पनि निरन्तर सम्बन्ध राख्ने प्रयासमा हुन्छन् । हाल एमाले सरकारमा छैन । यसबेला ओलीको दिनचर्या राजनीतिसँगै युवा, विद्यार्थी र बृद्धबद्धाको समूहमा भेटिन्छ ।

अध्यक्ष ओलीले आफूले नेपाल राष्ट्रविरुद्धको षड्यन्त्रलाई पराजित गर्न नसकेको बताए । नयाँ पुस्ताले त्यसलाई पराजित गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए । आफूलाई देश र जनताप्रति माया गर्ने इमानदार राजनीतिकर्मीको रूपमा बुझिदिन उनले आग्रह गरे ।

'मेरा केही असफलताहरू छन् । मैले नेपालविरुद्धको षड्यन्त्रलाई पराजित गर्न सकिराखेको छैन । तपाईंहरूले ती षड्यन्त्रहरूलाई पराजित गर्नुपर्दछ' अध्यक्ष ओलीले भनेका छन्, 'म आफूलाई अब्बल राजनीतिज्ञ त भन्न सक्दिनँ, यतिचाहिँ हो- म इमानका साथ काम गर्छु । इमानदार प्रयास गर्छु । देशलाई माया गर्छु, जनतालाई माया गर्छु ।'

नयाँ पुस्ताबाट अब्बल राजनीतिज्ञ जन्मियोस् भन्ने चाहना रहेको उनले सुनाए । ' अब्बल राजनीतिक अब तपाइँहरू, नयाँ पिँढीबाट जन्मिनुपर्छ । हाम्रो पिँढीभन्दा तपाइँहरू, देशभक्त, विकासवादी, भिजननरी, कर्मठ र क्रियाशील हुनुपर्छ । त्यस्ता सफल नेताको रुपमा तपाइँहरू आउनुपर्छ' अध्यक्ष ओलीले भनेका छन् । नयाँ पिँढीले स्वतन्त्र, स्वाधीन, भूगोलको रक्षा गर्न सक्ने गरी काम गर्नुपर्ने उनले बताए । आफू सामान्य परिवारबाट राजनीतिमा आएकोले धेरै कुराको जानकारी भएको पनि उनले स्मरण गरे ।

## डाक्टरमाथि कुटपिट

# चिकित्सक आन्दोलित

स्वास्थ्य संस्थाहरुमा अनिवार्यरुपमा स्वास्थ्य संस्था सुरक्षाबलको व्यवस्था गरी भयरहित वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन चिकित्सक संघले माग गरेको छ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३० भदौ ।




देशभरका चिकित्सक आन्दोलित भएका छन् । नेपाल चिकित्सक संघले आज (आइतबार) देशभरका स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सेवा बन्द गर्ने निर्णय गरेको छ । शनिबार विज्ञप्ति निकालेर मार्फत यस्तो जानकारी गराइएको हो ।

मकवानपुरको हेटौँडास्थित सन्चो अस्पतालमा दुई चिकित्सकमाथि कुटपिट भएको विरोधमा आन्दोलन थालिएको संघले जनाएको छ । भदौ २७ गते डा. विकास थापा र डा. प्रशान्त विडारीमाथि कुटपिट भएको थियो । घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन सोही दिन संघले ७२ घण्टाको अल्टिमेटम दिएको थियो । दोषीमाथि अझै कारबाही नगरिएको भन्दै संघले सेवा बन्दको कार्यक्रम सार्वजनिक गरेको हो ।

देशभरका स्वास्थ्य संस्थामा अनिवार्य रूपमा स्वास्थ्य संस्था सुरक्षा बलको व्यवस्था गर्नुपर्ने लगायत माग संघले गरेको छ । संघले चिकित्सकमाथि कुटपिट गर्नेमाथि फौजदारी अभियोगमा कारबाही गर्न तथा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी पहिलो संशोधन ऐन २०७९ बमोजिम कानूनी कारवाहीको सुनिश्चितता हुनुपर्ने माग गरेको छ । चिकित्सा शिक्षा र स्वास्थ्य सेवाको जनशक्ति दिनप्रतिदिन विदेश गइरहेको भन्दै संले अबिलम्ब चिकित्सक ऐन तथा चिकित्सक सेवा आयोगको स्थापनाको काम अघि बढाउन पनि माग गरेको छ ।

चिकित्सकमाथि कुटपिट भएपछि मकवानपुरका ७८ चिकित्सकले सामूहिक राजीनामा दिएका छन् । हेटौँडा-१ भिन्तुनापथस्थित सन्चो अस्पतालका दुई चिकित्सकमाथि आक्रमण भएपछि हेटौँडाका सरकारी तथा निजी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले राजीनामा दिएका >>> पृष्ठ २ मा




## वैदेशिक रोजगार विशेष

### एक म्यानपावर निलम्बनमा, अर्कालाई जरिवानासहित चेतावनी

# आधा दर्जन बढीविरुद्ध ठगीको अभियोगमा मुद्दा दायर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन तथा नियमावली विपरीत काम गरेको भन्दै एक म्यानपावर कम्पनीलाई निलम्बन, अर्को एक म्यानपावर कम्पनीलाई जरिवानासहित सचेत तथा आधा दर्जन बढी व्यक्तिलाई वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको छ ।

विभागले विभिन्न व्यक्तिलाई वैदेशिक रोजगारीमा युक्रेन, रोमानिया र पोल्याण्ड पठाउने प्रलोभनमा रकम लिइ लामो समयसम्म नपठाएको तथा उजुरीपछि पनि विभागमा सम्पर्क नगरेको अभियोगमा युनाइटेड म्यानपावर एजेन्सी प्रा.लि इजाजत नम्बर ९८८/०६७/०६८ को इजाजतपत्र निलम्बन गरेको छ । विभिन्न व्यक्तिलाई वैदेशिक रोजगारीमा पठाउने प्रलोभनमा रकम लिएको तर नपठाएको उजुरीपछि वैदेशिक रोजगार विभागले यस कम्पनीका सञ्चालकलाई सम्पर्क गरेको बताएको छ । तर सञ्चालक विभागमा उपस्थित नभएपछि इजाजतपत्र निलम्बन गरिएको विभागले जनाएको छ ।

विभागको तथ्यांकअनुसार युनाइटेड म्यानपावर एजेन्सी प्रा.लि.मा ८ जना सञ्चालकहरु रहेका छन् । जसमा केशरबहादुर तामाङ, सलबहादुर तामाङ, दावा दोर्जे घिसिङ, डब्लु घिसिङ, सन्दीप तामाङ, महेशकुमार लामा, देवराज दाहाल र सोमबहादुर तामाङ रहेका छन् । यस्तै उक्त प्रा.लि.मा पवन श्रेष्ठ, सुशन लामा, सीता लामा र दिलकुमारी घले गरी ४ जना कर्मचारी रहेका छन् ।

यसैगरी विभागले वैदेशिक रोजगारीमा जाने व्यक्तिसँग बढी शुल्क लिएको अभियोगमा युरो-एसिया एचआर सोलुसन प्रा.लि. इजाजतपत्र नम्बर ११६२ ०७३/०७४ लाई सचेतसहित जरिवाना गरेको छ । विभागले युरो एसियालाई कामदारबाट भिसा शुल्क, सेवा शुल्क र प्रवर्द्धन खर्च बढी लिएको बताएको छ । विभागले उक्त म्यानपावर कम्पनीलाई जरिवाना तिराउँदै आगामी दिनमा सो काम नदोहोऱ्याउन निर्देशनसमेत दिएको छ ।

ऐनको दफा ५३ मा प्रवेषाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा हुने सजाय हुने व्यवस्था अन्तर्गत कुनै इजाजतपत्रवालाले निःशुल्क प्रवेषाज्ञा प्राप्त भएकोमा सोबापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाइ त्यस्तो इजाजपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना गर्ने व्यवस्था छ ।

संसदमा हाल संशोधनको प्रक्रियामा रहेको दफा ५३ मा संशोधन पारित भएमा म्यानपावर कम्पनीहरुले ठूलो रकम जरिवाना तिर्नुपर्ने छ । संसदमा विचाराधीन उक्त व्यवस्थामा बढी शुल्क लिने इजाजतपत्र संस्थालाई एक लाख रुपैयाँ जरिवानाको सट्टा वैदेशिक रोजगारमा >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३१ भदौ २०८०, आइतबार
17 September 2023, Sunday

# गैह्रीगाउँमा चार जनाको हत्या



**काठमाडौं/मस**–काठमाडौंको तीनकुनेस्थित गैह्रीगाउँमा चार जनाको हत्या भएको अवस्थामा शव फेला परेको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले धारिलो हतियार प्रहार भएको अवस्थामा चार जनाको शव फेला परेको जानकारी दिए ।

उनका अनुसार शुक्रबार राति ११:५५ बजेको समयमा उक्त घटना भएको हो । गैह्रीगाउँस्थित दिव्य स:मिलभित्र काठले बनेको एकतले जस्ताको टहरोमा धारिलो हतियार प्रहार गरी दोलखा घर भई हाल सोही काष्ठ मिलमा गेटपालेको काम गर्ने वर्ष ५६ वर्षीय कुमार भुजेल, उनी श्रीमती ५२ वर्षीया अम्बिका भुजेल, कुमारकी आमा ७६ वर्षीया शुभद्रा भुजेल र मोरङको बेलबारी स्थायी घर भएका १९ वर्षीय नवीन राईको शव फेला परेको मैनालीले बताए ।

उनीहरुको टाउको तथा शरीरका विभिन्न भागमा धारिलो हतियारको चोट छ । चारैजनाको शव परीक्षणका लागि महाराजगञ्जस्थित शिक्षण अस्पतालमा राखिएको छ ।

यसैबीच उक्त घटनामा संलग्न भएको आरोपमा २८ वर्षीय दीपेन्द्र राईलाई प्रहरीले पक्राउ गरेको छ। यस्तै हत्यामा प्रयोग भएको हतियार प्रहरीले बरामद गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर, टेकुको टोलीले घटना भएको स्थानमा हत्यामा प्रयोग भएको खुकुरी र अर्को एक धारिलो हतियार बरामद गरेको हो ।

उक्त घटनाको अनुसन्धान गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयले छानविन समिति गठन गरेको छ । प्रहरी वरीष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गरिएको हो।

समितिको सदस्यहरुमा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक हरि खतिवडा, काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुवास खड्का र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक सुरक्षा केसी तथा प्रहरी वृत्त बानेश्वरका प्रहरी निरीक्षक वीरेन्द्र केसी रहेका छन् । टोलीलाई विविध विधि र प्रविधिको अधिकतम प्रयोग गरी घटनाको सुक्ष्म तवरले अनुसन्धान गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न भनिएको छ ।

# निर्वाचन अपाङ्गतामैत्री बन्न सकेन: प्रतिवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ




प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ सम्बन्धी नेत्रहिन युवा संघले एक अध्ययन तथा अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ ।

गत निर्वाचनमा अपांगता भएका व्यक्तिहरुको राजनीतिक रुपमा प्रतिनिधि सभा र प्रदेश सभामा प्रतिनिधित्व लगायत निर्वाचनका सन्दर्भमा अपाङ्गता भएका नागरिकहरुको सहभागीता, उनीहरुले भोग्नुपरेका कठिनाई र आगामी दिनमा अंगिकार गनुपर्ने मार्गचित्रका सन्दर्भमा प्रतिवेदनले तथ्यांक, अपांगता भएका नागरिकको प्रतिक्रिया र आगामी कार्यदिशाका बारेमा मार्गदशन गरेको छ ।

काठमाडौंमा नेत्रहीन युवा संघ नेपालले आयोजना गरेको 'आम निर्वाचन २०७९ मा अपांगता भएका व्यक्तिहरूको पहुँच र सहभागिता' विषयक कार्यक्रममा उक्त रिपोर्ट सार्वजनिक गरिएको छ । संघले नेपालका सातै प्रदेशका १६ जिल्लाका ३ सय ५३ मतदान केन्द्र रहेका १०१ मतदान स्थलमा निर्वाचन पहुँचयुक्तता सम्बन्धी पर्यवेक्षण गरेको थियो । उक्त प्रतिवेदनमा निर्वाचनसम्बन्धी जानकारी अपांगता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त ढाँचामा नरहेको र निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रममा अपांगता भएका व्यक्तिका लागि मतदाता शिक्षा सामग्रीको अभाव रहेको उल्लेख गरिएको छ ।

आम निर्वाचनका क्रममा अपांगता भएका व्यक्तिका लागि निर्वाचनसम्बन्धी कानूनी संरचना र नीतिहरूले संविधान, सीआरपीडीका कार्यादेशहरू, अपांगता अधिकार ऐन २०७४, अपांगता अधिकार नियमावली २०७७ र पहुँच युक्तासम्बन्धी कार्यविधि २०७० मा रहेका नीतिगत मर्महरूको पूर्ण रूपमा पालना नभएको जनाइएको छ ।

निर्वाचन सम्बन्धी कानूनी व्यवस्थाले दृष्टि सम्बन्धी अपांगता भएका वा शारीरिक अपांगता भएका मतदाताहरूले आफूले रोजेको सहायक छान्न पाउने कुरा सुनिश्चित नगरेकोले मत प्रभावितको जोखिम औंल्याइएको छ । सो निर्वाचनमा मतदान केन्द्रहरू भुँइतलामा भए तापनि अन्य पहुँच अवरोधहरू फेला परेको, बाटाहरूमा खाल्डाखुल्डी, मतदान केन्द्रको प्रवेश मार्गहरूमा सिँढी रहेको, ह्विलचेयर जान सक्ने बाटो नरहेको र शौचालयहरू टाढा रहेका कारण अपांगता भएकाहरूले समस्या भोग्नुपरेको प्रतिवेदनमा उल्लेख छ । पर्यवेक्षणका क्रममा अपांगता मुद्दाबारे तालिम पाएका कर्मचारीहरू ४६ प्रतिशत र तालिम नपाएका ५४ प्रतिशत रहेको जनाइएको छ ।

पर्यवेक्षणका क्रममा अपांगता भएका मतदातालाई नागरिकताको आधारमा पनि मतदान गर्न नदिएको, अपांगता भएका व्यक्तिको मतदाता नामावलीमा नाम नभेटिएको र आफैंले मतदान गर्न खोज्दा नदिएको पाइएको उल्लेख छ ।

१०१ जना पर्यवेक्षक अन्तर्गत प्रदेश अनुसार कोशीमा २१ जना, मधेसमा १० जना, बागमतीमा २२ जना, गण्डकीमा ८ जना, लुम्बिनीमा २० जना, कर्णालीमा १० जना र सुदूरपश्चिममा १० जनाले ४७७ जनासँग अन्तरवार्ता लिएर अध्ययन गरिएको नेत्रहीन युवासंघ नेपालका अध्यक्ष कलाधर भण्डारीले जानकारी दिए । प्रतिवेदनमा मतदान स्थल र उम्मेदवारी दर्ता कार्यालय पहुँचयुक्त बनाउन, ह्विलचेयर प्रयोग गर्न मिल्ने पूर्वाधार बनाउन, अपांगता भएका मतदाताहरूलाई लक्षित गरी थप मतदाता शिक्षाको व्यवस्था गर्न, निर्वाचन कर्मचारीहरूलाई प्रशिक्षित गर्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरिएको छ ।

निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले नेत्रहीन युवा संघ नेपालले निर्वाचन आयोग स्वयंले गनुपर्ने काम काम गरेकोमा आभार प्रकट गर्दै प्रतिवेदनबाट आएका सुझावलाई आयोगले महत्वपूर्ण दस्तावेजका रुपमा ग्रहण गर्ने बताइन् । कार्यक्रममा राष्ट्रिय अपांग महासंघ नेपालका केन्द्रीय अध्यक्ष देवीदत्त आचार्य, महासंघ पूर्व अध्यक्ष तथा सल्लाहकार डा. विरेन्द्र राज पोखरेलले अपांगता भएका व्यक्तिहरुको राजनीतिमा अर्थपूर्ण सहभागिता हुन नसकेको बताएका थिए । यस्तै प्रतिनिधिसभा सदस्य सोविता गौतम, दिपा शर्मा, राष्ट्रिय सभा सदस्य प्रकाश पन्त, बागमती प्रदेशसभा सदस्य लक्ष्मी घिमिरेले अपांगता भएका व्यक्तिहरुको अधिकारलाई राजनीतिक दलको घोषणा पत्रमा स्पष्ट रुपमा उल्लेख भएको र त्यसको इमान्दार कार्यान्वयनका लागि आफ्नो दल र सदनभित्र बहस पैरवी गर्न तत्पर रहेको बताए ।

# चाइल्ड नेपालको सामाजिक परीक्षण सम्पन्न



**काठमाडौं/मस**–बालबालिकाहरूको क्षेत्रमा क्रियाशील संस्था चाइल्ड नेपालले आफ्नो सामाजिक परीक्षण सम्पन्न गरेको छ। काठमाडौंको बूढानीलकण्ठ नगरपालिकामा आयोजना गरिएको कार्यक्रममा संस्थाले सामाजिक परीक्षण सम्पन्न गरेको हो । संस्था तथा कार्यक्रमका अध्यक्ष डा. कृष्ण सुवेदीले संस्थाको सामाजिक परीक्षणको महत्वका बारेमा प्रकाश पार्नुका साथै संस्थाको पारदर्शितामा उत्तरदायित्व रहेको बताए। उनले भावी कार्यक्रमका लागि पृष्ठपोषणमा जोड दिन सबैलाई आह्वान गरे । कार्यक्रममा प्रमुख अतिथि बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले चाइल्ड नेपाल बालबालिकाको क्षेत्रमा क्रियाशील संस्था भएकोले गुणस्तरीय शिक्षामा लगानीको लागि संस्थासँग साझेदारी गर्ने कुरामा जोड दिए ।

उनले नगरपालिकाभित्रको शैक्षिक क्षेत्रमा लगानीको उद्देश्यले प्रारम्भिक बालविकासमा एक करोड लगानीबाट बढाएर १३ करोड पुऱ्याएको पनि बताए ।

संस्थाका कार्यकारी निर्देशक मोहन दंगालले गत वर्षको कार्य प्रगति तथा वित्त प्रगति प्रस्तुत गरेका थिए । कार्यक्रमको छलफलमा सहभागीहरुले विशेष सुझावहरु दिएका थिए । छलफलमा सहभागीहरुले आगामी दिनहरुमा संस्थाले कार्यक्षेत्र विस्तार गर्ने, अभिभावक शिक्षालाई प्रभावकारी बनाउने, बालमैत्री नगर घोषणामा सहजीकरण गर्ने, प्रारम्भिक बाल विकासमा थप कार्यक्रम गर्नुपर्ने लगायतको सुझावहरु दिएका थिए । निर्देशक दंगालले आएका सुझावहरु अगामी वार्षिक योजनामा समावेश गर्ने बताए ।

कार्यक्रममा सामाजिक विकास समितिका संयोजक शान्ता पुडासैनीले संस्थाले नगरको विषयगत नीति निर्माणमा सहजीकरण गर्नेमा जोड दिइन् ।

# प्रज्ञा प्रतिष्ठानमा सुनुवार भाषा, साहित्य र सौन्दर्यबारे विमर्श

**काठमाडौं/मस**– नेपाल प्रज्ञा प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागद्वारा प्रत्येक महिनाको अन्तिम शुक्रबार आयोजना गर्न थालिएको 'मातृभाषा साहित्य शृंखला' अन्तर्गत दोस्रोपटक 'सिर्जना, संवाद र विमर्श' कार्यक्रम प्रतिष्ठानको देवकोटा सभा कक्षमा सम्पन्न भएको छ । सामूहिकरूपमा राष्ट्रिय गान 'सयौं थुँगा..!' गाएलगतै प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गरे ।

यस विमर्श कार्यक्रममा डा.लाल-श्याँकारेलु रापचाले 'किराँती-काँइच (सुनुवार) भाषा-साहित्यमा संकट सौन्दर्य' तथा कोइँचबु का:तिच (उत्तम सुनुवार)ले 'सुनुवार भाषाको साहित्य र सौन्दर्य' विषयक फरक फरक कार्यपत्र प्रस्तुत गरे ।

यसैगरी उक्त कार्यपत्रमाथि आफ्नो धारणा राख्दै प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले नेपालका विश्वविद्यालयमा हरेक मातृभाषाको पठनपाठन हुनुपर्ने बताए । 'यसले मात्रै मातृभाषामा जागरण आउँछ र भाषिक जटिलता हट्छ । यसको निरूपण गर्न प्रज्ञा प्रतिष्ठान लागिपर्ने छ' उनले भने ।

सो अवसरमा सभाध्यक्ष एवम् प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले उक्त कार्यपत्र र मातृभाषाका कविता वाचनबारे चर्चा गरे । उनले रैथाने मातृभाषा, साहित्य र संस्कृतिको बारेमा निरन्तर बहस हुनुपर्ने बताए । उनले प्रत्येक मातृभाषाको छुट्टाछुट्टै सौन्दर्य हुने तर अहिले पनि आन्तरिकरूपमा मातृभाषीले भाषिक उपनिवेश व्यहोर्नुपरेको बताए ।

कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य डा.कृष्णराज सर्वहारीले कार्यपत्रमाथि आफ्नो धारणा राखे । यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरूमध्ये डा.सोमबहादुर धिमाल, कृष्णप्रसाद, प्रतापसिंह नाछिरिङ, धनराज घिसिङ, जुजुकाजी रञ्जित र शोभा सुनुवार 'जुलियट'ले कार्यपत्रमाथि पूरक टिप्पणी गरे ।

कार्यक्रममा तीन मातृभाषाका तीन कविहरू नैन सेताल्चुले 'जेरुङ भाषा'को कविता 'खालाङ', रमेश थामीले 'थाङ्मी भाषा'को कविता 'धनेको देस्यै' र टंक सुनुवारले 'सुनुवार भाषा'को कविता 'नुम्बुर' वाचन गरे । कार्यक्रमको सञ्चालन प्रज्ञा प्रतिष्ठानका भौतिक संशाधन व्यवस्थापन महाशाखा प्रमुख सन्ध्या पहाडीले गरेकी थिइन् ।

# अपांगतामैत्री विपद जोखिम न्यूनीकरण गर्न छुट्टै संयन्त्र बनाउन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

विपद जोखिममा सबैभन्दा बढी अपांगता भएका नागरिक पर्ने गरेकाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भमा निर्माण गरिने नीतिहरु उनीहरुलाई केन्द्रमा राखेर बनाउनुपर्ने माग गरिएको छ । त्यसका अतिरिक्त अपांगता भएका नागरिकका लागि जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालमा छुट्टै संयन्त्र निर्माण गनुपर्ने उनीहरुले जोड दिएका छन् । अपांगता अधिकार कोष, अपांगता अधिकार वकालत कोषको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपाल, अपांगता भएका महिलाहरुको महासंघ नेपाल, नेपाल नेत्रहीन संघ र श्रवणदृष्टि विहीन अभिभावक संघको संयुक्त आयोजनामा काठमाडौंमा आयोजित 'अपांगतामैत्री विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन आवश्यकता' सम्बन्धी गोष्ठीमा सहभागीहरुले समुदायमा हुने विपद व्यवस्थापन सम्बन्धी संयन्त्र निर्माण लगायत अन्य क्रियाकलापमा अपांगता भएका नागरिकको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिए । कुनै पनि विपद व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्दा अपांगता भएका नागरिकलाई प्राथमिकता राख्नुपर्ने उनीहरुको धारणा थियो । कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले राज्य अपांगता भएका नागरिकको जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनका सन्दर्भमा संवेदनशिल रहेको बताए ।

उनले प्राधिकरणले जोखिम भएको ठाउँहरुमा पालिकाको नेतृत्वमा उनीहरुको सूचनालाई वर्गिकरण गरिएको बताए । उनले प्राधिकरणले अपांगतामैत्री भवन निर्माणमा पैरवी गर्दै आएको एवं सूचनामा सहज पहुँचका लागि श्रव्य तथा दृष्य सामग्री निर्माण गरिएको र अपांगता सम्बन्धी संघसंस्थासँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताए । प्राधिकरणले संघीय, प्रदेश हुँदै स्थानीय तहसम्म अपाङ्गता भएका नागरिकको सहभागितामा जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापनसम्बन्धि समिति निर्माणका लागि आवश्यक निर्देशन दिन तयार रहेको उनले बताए ।

राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष केपी अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै सरकारले विपद जोखिम राष्ट्रिय नीति निर्माणका क्रममा अपांगता भएका व्यक्तिहरुलाई सहभागी गराउन नसकेको बताए । अझै पनि अपांगता सम्बन्धी बनेका ऐन कानूनको अक्षरश पालना हुन नसकेको भन्दै यसलाई पूर्ण पालना गर्नुपर्ने उनको भनाई थियो । सांकेतिक भाषाका कारण सुनुवाइ सम्बन्धी समस्या भएका व्यक्तिहरुको उद्धार र राहतका कामलाई प्रभावकारी बनाउन सूचनालाई चुस्तदुरुस्त बनाउनुपर्ने अधिकारीको धारणा थियो । राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गत अपांगता तथा जेष्ठ नागरिक शाखाकी अधिकृत कल्पना नेपाल आचार्यले आयोग संवैधानिक आयोग भएको र आयोगका तर्फबाट गरिएका कतिपय सिफारिसहरु समेत कार्यान्वयनमा आउन नसकेको बताइन्। सञ्चार तथा सूचना मन्त्रालयकी शाखा अधिकृत सावित्रा देवकोटाले विपदमा क्षति आइसकेपछि कसरी सूचनाको पहूँच पुऱ्याउने भन्नेमा सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने बताइन् ।

कार्यक्रममा अपांगता भएका महिलाहरुको महासंघ नेपालकी निर्मला धिताल, नेत्रहिन युवा संघका नेपालका अध्यक्ष कलाधार भण्डारी, अधिकारकर्मी किरण शिल्पकार, नेपाल अपांग महिला संघकी उपाध्यक्ष मिना पौडेल, नेत्रहिन महिला संघकी सीता सुवेदी, डीआरएफका कृष्ण गहतराज केन्द्रीय बहिरा माध्यमिक विद्यालयका प्रधानाध्यापक उपेन्द्र पराजुली, नेपाल रेडक्रस सोसाइटीका हर्कबहादुर भण्डारी लगायतले धारणा राखेका थिए। कार्यक्रमका सहभागीहरुले विद्यालय तहको पाठ्यक्रममा पनि अपांगतामैत्री विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषयलाई राख्नुपर्ने, अपांगता भएका व्यक्तिहरुका लागि विपद सम्बन्धी तालिमको व्यवस्था, छुट्टै आपतकालिन राहत कोष स्थापना गर्न सकेमा अपाङगता भएका नागरिकको जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनमा सहयोग पुग्ने बताएका थिए । कार्यक्रमको सहजीकरण राष्ट्रिय बहिरा महासंघ नेपाल महासचिव सन्तोष केसीले गरेका थिए ।

# फरार प्रतिवादी पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३० भदौ

उदयपुरमा लागुऔषध र करकाप मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा चौदन्डीगढी नगरपालिका-४ बस्ने ३४ वर्षीय चण्डीराज राई र सोही नगर १० बस्ने ५८ वर्षीय देवल चौधरी रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरको प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए । चौधरीका अनुसार जिल्ला प्रहरी कार्यालयको फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएका प्रहरी टोलीले खोजतलासको क्रममा उनीहरुलाई शुक्रबार घरबाटै पक्राउ गरेको हो । जिल्ला अदालत उदयपुरले लागूऔषध मुद्दाका प्रतिवादी चण्डीराज राईलाई २०७४ साल फागुन १६ गते दुई हजार रुपैयाँ जरिवाना र अर्को करकाप मुद्दाका देवल चौधरीलाई २०६५ जेठ २४ गते २५ रुपैयाँ जरिवाना तोकेको थियो । पक्राउ परेका उनीहरूलाई आवश्यक अनुसन्धान पश्चात फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा बुझाइएको प्रहरीले जनाएको छ ।

### डाक्टरमाथि...

हुन् । हेटौंडाका विभिन्न अस्पतालमा कार्यरत ७८ चिकित्सकहरूले सामूहिक राजीनामा दिएपछि नै सेवा प्रवाहमा असर परेको छ। उनीहरुले कुटपिटमा संलग्नलाई कारबाही माग गर्दै सामूहिक राजीनामा दिएका हुन् ।

एक महिनाअघि मृत्यु भएका हेटौंडा-१२ का राजेश प्रधानका आफन्तले अस्पतालभित्र प्रवेश गरी बुधबार डाक्टरमाथि कुटपिट गरेका हुन्। यस घटनामा संलग्न ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मृतक प्रधानकी श्रीमती रमा प्रधान, छोरी रमिता प्रधान, छोरा रोहित प्रधान र भतिज अनुप प्रधान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। दुई डाक्टरमाथि भएको कुटपिटको विरोधमा मकवानपुरका स्वास्थ्यकर्मीहरुले बाग्मती प्रदेश सभा भवन अगाडि नै प्रदर्शन गरेका छन्। उनीहरुले चिकित्सक कुटपिटमा संलग्न सबैलाई पक्राउ गर्नुपर्ने माग गरेका छन् । भवनभित्र प्रदेश सभा बैठक चलिरहँदा प्रदर्शन भएको हो ।

घटनामा संलग्नमध्ये चार जनालाई प्रहरीले पक्राउ गरेर तीन दिनको म्याद थप गरेको छ ।

### आधा...

पठाएको कामदार संख्याको आधारमा जनही १ लाख रुपैयाँका दरले जरिवाना गर्ने प्रावधान राखिएको छ ।

त्यसैगरी विभागले वैदेशिक रोजगार ऐनको दफा ४३ अनुसार विभिन्न व्यक्तिविरुद्ध वैदेशिक रोजगार न्यायाधिकरणमा ठगी मुद्दा दायर गरेको छ । उक्त दफाअनुसार अभियोगपत्र अनुसारको दाबी ठहर भएमा प्रतिवादी बनाइएका व्यक्तिले जाहेरवालाबाट लिए खाएको रकम र त्यसको ५० प्रतिशतले हुने रकम भराइ दिने व्यवस्था छ । विभागले प्रेम कुमारी गुरुङसहित तीन जनालाई ८० हजार रुपैयाँ तलब हुने भन्दै दक्षिणी अफ्रिकाको सुपरमार्केटमा काममा लगाइदिने भनी प्रतिव्यक्ति ७ लाख लाग्ने बताएर २६ लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा खिमप्रसाद गुरुङविरुद्ध वैदेशिक रोजगार न्यायाधिकरणमा ठगी मुद्दा दायर गरेको छ ।

त्यसैगरी सुदिप पोखरेललाई कृषिको काममा सर्बिया पठाइदिने भनी ४ लाख रुपैयाँ लिइ ठगी गरेको अभियोगमा अर्जुन पोखरेलविरुद्ध मुद्दा दायर गरिएको छ। पोखरेललाई पनि जाहेरवालाबाट लिए खाएको रकम र त्यसको ५० प्रतिशतले हुने रकम भराइदिन माग गरिएको छ ।

त्यस्तै विभागले उमेश सेती सुरुवाल, आर्जु सुराललले एकआपसमा मिलेर पोर्चुगल पठाइदिने भनी सुरज श्रेष्ठ, टंक श्रेष्ठ, हेमबहादुर तामाङबाट जनही १३ लाख रुपैयाँका दरले ३९ लाख रुपैयाँ, सञ्जिव गौतमबाट ११ लाख रुपैयाँ, रोहन दाहाल र प्रतिमा गुरुङलाई कम्बोडिया पठाइदिने भन्दै ५ लाख रुपैयाँ र ५० हजार रुपैयाँ गरी ५५ लाख ५० हजार रुपैयाँ लिएर ठगी गरेको अभियोगमा मुद्दा दायर गरेको छ । यस्तै वैदेशिक रोजगारमा यूएई पठाइदिने भन्दै सत्य नारायण साहसँग १ लाख रुपैयाँ, राकेश कुमार साहसँग ६ लाख ७९ हजार ३ सय रुपैयाँ गरी ७ लाख ७९ हजार ३ सय रुपैयाँ लिइ ठगी गरेको अभियोगमा मों मोतीबाबु अन्सारी विरुद्ध पनि न्यायाधिकरणमा ठगी मुद्दा दायर गरेको छ ।

त्यस्तै भुवन प्रसाद लामिछानेले सत्यनारायण साहसँग १ लाख रुपैयाँ, धर्मेन्द्र साह र राकेश कुमार साहसँग ९० हजार रुपैयाँ गरी २ लाख ९९ हजार रुपैयाँ, रोशन राजा शेखले ११ लाख ६८ हजार ३ सय रुपैयाँ ठगी गरेको अभियोगमा मुद्दा दायर गरिएको निर्देशक तथा सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका नाममा ठगी बढेको भन्दै सचेत भइ ऐन तथा नियमावलीले तोकेको व्यवस्था अनुसार इजाजतपत्रवाला संस्थामार्फत इजाजत लिएर मात्रै वैदेशिक रोजगारीमा जान आग्रह गरेको छ । त्यस्तै विभागले इजाजतपत्रवाला संस्थाले ऐन तथा नियमावलीमा भएको व्यवस्थाका अक्षरस पालना गर्नुपर्नेमा जोड दिएको छ । नेपाल प्रहरीले पनि वैदेशिक रोजगारका नाममा भइरहेको ठगी भयावह अवस्थामा रहेको भन्दै सचेत हुन आग्रह गरेको छ ।

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई**
**धनगढीमाई-१०, सिरहा**
**सूचना नं. २**

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/३१**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई सिरहाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यस कार्यालयमा सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता/वन उपभोक्ता/कृषि फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८०/०६/२९) र क्र.सं. १३ पोखरी डिल सदुपयोग र क्र.सं. १४ आँप बगैचा सदुपयोग कार्यक्रमका लागि १५ दिन (२०८०/०६/१४) भित्र यस परियोजना कार्यान्वयन एकाई सिरहा वा प्राविधिक जोन एकाई सप्तरीमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन । थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, सिरहा वा प्राविधिक जोन एकाई, सप्तरीमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रम | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ५६ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| २. | कृषि यान्त्रिकरण सहयोग | पटक | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ३. | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्र | संख्या | ३ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ४. | कृषि उपज बजारीकरण सहयोग | पटक | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ५. | नयाँ मत्स्य पोखरी निर्माण | हेक्टर | १८ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ६. | नमुना गाई भैंसी फर्म स्थापना | वटा | ८ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ७. | साईलेज उधोग स्थापना | वटा | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ८. | आँप प्रशोधन उधोग स्थापना | संख्या | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ९. | मत्स्य ह्याचरी निर्माण | संख्या | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| १०. | दुध संकलन केन्द्र स्थापना सहयोग | संख्या | २ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| ११. | घाँस स्रोत केन्द्र स्थापना | संख्या | ५ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| १२. | घाँस नर्सरी स्थापना तथा प्रवर्द्धन | संख्या | १ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| १३. | पोखरी डिल सदुपयोग कार्यक्रम | हेक्टर | १० | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |
| १४. | आँप बगैंचा सदुपयोग कार्यक्रम | पटक | ३ | नियम अनुसार अनुदान उपलब्ध गराउने छ। |

**आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. रु.१० को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदन फर्म ।
२. कृषि संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण भएको)।
३. प्यान नं. को प्रतिलिपि ।
४. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह/सहकारी/वन/जल उपभोक्ता समितिको हकमा)।
६. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. नयाँ मत्स्य पोखरी निर्माण गर्ने जग्गाको नक्सा र जग्गा धनी पूर्जाको प्रतिलिपि, एकासगोल परिवारको नातामा पर्नेको हकमा सक्कल मन्जुरनामा वा भाडाको जग्गाको हकमा कम्तीमा ५ वर्षको सम्झौता पत्रको नोटरी पब्लिकबाट प्रमाणित भएको पेश गर्नु पर्ने ।
८. सार्वजनिक निर्माणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा/जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम सञ्चालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा ५ वर्षको सम्झौतापत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
९. स्थानीय निकायको सम्बन्धित वडाको वा कृषि/पशु सेवा शाखाको सिफारिश पत्र ।
१०. कार्यालयले माग गरेको अन्य कागज ।

**नोट :-** प्रस्तावको ढाँचा कार्यालयको वेवसाईट www.piusiraha.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

# कतारमा सचेतना कार्यक्रमसहित मनाइयो तीज

**तिल शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३० भदौ



नेपाली नारीहरूको महान पर्व हरितालिका तीजको अवसर पारेर कतारमा बृहत् तीज सांस्कृतिक कार्यक्रम भव्यरूपमा सम्पन्न भएको छ । नेपाली महिला समाज कतार र गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको महिला विभाग एवम् दोहा कतारमा स्थापित ५७ वटा विभिन्न संघसंस्थाहरुको संयुक्त आयोजनामा रमाइलो तीज तथा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो ।

कतारका लागि नेपाली कार्यवाहक राजदूत कृष्णकुमार सुवेदीको प्रमुख आतिथ्यता तथा महिला समाज कतारकी अध्यक्ष सरिता पौडेल भण्डारीको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा आरोही थापा, प्रज्ञा निउरे, दिया सिंह र समृद्धि गरी चार जना बाल कलाकारद्वारा स्वागत नृत्य राख्दै सांस्कृतिक कार्यक्रमको ढोका खोलिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कार्यवाहक राजदूत सुवेदीले नेपाली नारीहरू छाउपडी प्रथाबाट बाहिर आइ देशको नेतृत्वसम्म लिन सक्ने भएको बताउँदै तीज नेपालीहरूको पर्व रहेको र यो हिन्दुहरूको मात्र पर्व नरहेको बताए । नेपाली दिदी बहिनीको योगदान नेपालको एकीकरण हुँदादेखि जनयुद्धसम्म विशेषरूपमा रहेको उनले बताए । नारीहरू विश्वासको प्रतिमूर्ति रहेको बताउँदै उनले कतारमा रहेका श्रमिकको हितमा दूतावास सदैव रहेको बताए ।

महिला समाजकी प्रमुख सल्लाहकार अमिना खान, सामाजिक व्यक्तित्व सागर नेपाल, एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टलगायतले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए । भट्टले श्रमिकका समस्या समाधान गर्न र दूतावासमा श्रमिक डेस्क राख्ने प्रक्रिया एनसीसीले अगाडि बढाइसकेको जानकारी दिए । एनआरएनए आइसीसीका उपाध्यक्ष राजेन्द्र कुमार (आरके) शर्माले कार्यक्रमबाटै औपचारिकरूपमा आफू २०२३-२५ कार्यकालका लागि आइसीसीको अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको घोषणा गर्दै सबैको साथको अपेक्षा रहेको बताए ।

रेस्मी विश्वकर्मा, सिर्जना गुरुङ, संगीता गहतराज, मधु चौधरी, रचना तामाङ, निरमाया सिङ्ताङ, अस्मिता आले मगर, कमला गुरुङ, दिज्ञा सिंह, प्रतीक्षा निउरे, रिया तामाङ, बाबु कौसल, शान्ति वली, सृष्टि लामा, सिमरन श्रेष्ठ, गुना मगर, रबिन महर्जन, यमुना पटेल(थाली नाच), रञ्जना गुरुङ, सुष्मा तामाङ, रेजीना गुरुङ, दीपक मगर, ललिता, रिया तामाङ, क्षितिज किरण गैह्रे, रितुकाली थापा, लोकेन्द्र दूतराज, सुरेश बिसी, प्रताप मुस्कान, जिया हमाल, कृजल पन्थी, सन्देश सोनी, झुमा परियार, रेस्मा प्याकुरेल, आरुषी थापा, बार्बी खड्का, दिक्षा लामिछाने, आरजु राई, तारा थिङ, मेनुका खतिवडा, खुसी कार्की, अन्जु परियार, सन्दिपा राई, चन्द्रमाया मगर, अनु चौधरीलगायतले सांगीतिक प्रस्तुति दिएका थिए ।

एनआरएनए एनसीसी कतारकी महिला विभाग संयोजक शुष्मा खतिवडा केसीले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महिला समाजकी महासचिव सन्ध्या अर्यालले सहजीकरण गरेकी थिइन् । कार्यक्रमको समापन गर्दै सभापति भण्डारीले एनसीसीसहित आयोजक र सहयोगी सबैलाई धन्यवाद ज्ञापन गरिन् ।

अल थुमामास्थित एथ्लेन स्पोर्ट्स क्लबको इभेन्टस हलमा शुक्रबार सम्पन्न कार्यक्रममा आयोजकका अलावा विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । वर्षेनी नेपालबाट कलाकार ल्याएर तीज मनाउने गरिए पनि पहिलो पटक महिला समाजको नेतृत्वमा स्थानीय कलाकारसहित तीज कार्यक्रम मनाइएको हो । करिब एक हजार दर्शकको उपस्थिति रहेको कार्यक्रम निर्धारित समय भन्दा तीन घण्टा ढिलो शुरु भइ साँझ साढे सात बजेसम्म चलेको थियो ।

**सचेतना कार्यक्रम**

सचेतना कार्यक्रमअन्तर्गत कतार सरकार गृह मन्त्रालय सामुदायिक प्रहरी विभाग (कम्युनिटी पुलिस डिपार्टमेन्ट)का भाषा विज्ञ एवम् समुदाय संयोजक डाक्टर बहाउद्दीन अहमदले कतारको बदलिँदो ट्राफिक नियम र स्थितिका बारेमा सचेत गराउँदै सवारी साधन चलाउँदा ध्यान दिन आग्रह गरे । साथै कतारमा कुनै पनि समस्या परे पारिवारिक विवाद एवम् समस्या परे कम्युनिटी पुलिस समुदायको सहयोगको निम्ति सदैव तैयार रहेको बताए ।

गृह मन्त्रालयअन्तर्गतको जन सम्पर्क विभागका सचेतना प्रमुख तथा संयोजक फैसल अल हुदावीले नेपाली समुदायको प्रशंसा गदै लामो समयदेखि मन्त्रालय र नेपाल समाजले एक अर्काको साथ पाएकोमा खुसी व्यक्त गरे । कतारको पछिल्लो ट्राफिक व्यवस्थाबारे बताउँदै सवार साधन चलाउँदा सिट बेल्टको प्रयोग अनिवार्य रहेको र यसको उल्लंघन गरेमा हालको निम्ति पाँच सय जरिवाना र आगामी दिनमा यसमा वृद्धि हुन सक्ने बताए । यसैगरी सवारी साधन चलाउँदा मोबाइल फोनको प्रयोग अत्यन्तै घातक र ज्यानको जोखिम रहेको हुनाले यस नियमको उल्लंघन गरेमा कतारी रियाल १ हजार देखि ३ हजारसम्म जरिवाना र रातो बत्ती पार गरी दुर्घटना हुन गएमा अझै जरिवाना बढ्ने र लामो समय कारावास हुन सक्ने बताउँदै सचेत रहन आग्रह गरे ।

हुदावीले कतार एउटा इस्लामिक पद्धति भएको देश हुँदा छोटा र अभद्र ड्रेसअप नगर्न र शरीर छोप्ने खाले ड्रेसअप गरी कतारी संस्कृतिको सम्मान गर्न सके देशकै गरिमा बढ्ने बिचार व्यक्त गरे । उनले गैर आवासीय नेपाली संघ कतारको अगुवाइमा समग्र नेपाली समाजको प्रतिनिधित्व हुने गरी गृह मन्त्रालय ट्राफिक व्यवस्थापन विभागले आगामी महिना बृहत् ट्राफिक सचेतना कार्यक्रमसहित कतारको राष्ट्रिय दिवस डिसेम्बर १८ का दिन कतार सरकारले आयोजना गर्ने विभिन्न कार्यक्रममा नेपाली समाजका विभिन्न क्षेत्रको उपस्थिति रहने बताए । त्यस्तै अर्का वक्ता विश्वराज नेपालले सबै श्रमिकलाई अनिवार्य सामाजिक सुरक्षा कोषमा जोडिन आग्रह गरे । उनले श्रमिकका लागी कोष बहुउपयोगी रहेको बताए ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

## हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
वि.स. २००४/०९/०१

स्वर्गारोहणः
वि.स. २०८०/०५/२०



स्व. प्रेमलाल श्रेष्ठ

हाम्रा सम्धि प्रेमलाल श्रेष्ठको यही २०८० भदौ २० गते ७६ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामीलाई स्तब्ध बनाएको छ । उहाँको निधन भएको आज १२औं दिनको पूण्य तिथिमा स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा सम्धिनी सविता श्रेष्ठ, ज्वाइँ निरोजकुमार श्रेष्ठ, छोरी चन्द्रकला श्रेष्ठका साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं !


सीतादेवी श्रेष्ठ    मदनकुमार श्रेष्ठ

तथा
मध्यान्ह दैनिक
परिवार

# पर्यटक लोभ्याउँदै 'स्टोन पार्क'

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, ३० भदौ

पर्यटकीय स्थलले धनी जिरी नगरपालिकामा आउने पर्यटकहरु स्टोन पार्क पुगेपछि घर फर्किनै चाहदैनन् । किनकि यो पार्क अरु भन्दा फरक र विषेश किसिमको छ । वडा नम्बर १ श्यामामा अवस्थित यो पार्कको प्रमुख विशेषता मैदानमा रहेका ठूला-ठूला ढुंगाहरु हो । त्यही ढुंगाको प्रमुख माध्यम बनाइ पर्यटक लोभ्याउन अन्य संरचना निर्माण गरी आकर्षक बनाएर स्टोन पार्क भनी नामाकरण गरिएको हो । अन्य पूर्वाधार निर्माण गरी व्यवस्थित गर्नुका साथै व्यापक प्रचारप्रसारपछि स्टोनपार्कको मज्जा



लुट्न पर्यटकको आगमनमा बृद्धि भएको छ । स्टोनपार्क आन्तरिक तथा बाह्य पर्यटकको लागि सेल्फी खिच्ने, टिकटक भिडियो बनाउने, पौडी खेली मनोरञ्जन लिने तथा मन बहलाउने थलो बनेको छ ।

यसले गर्दा पार्कमा गरिएको लगानी र प्रयास सफलीभूत भएको वडाध्यक्ष लाक्पा शेर्पाले बताए । ढुंगामाथि नै गुरू रिम्पोछे, शिवको मूर्ति प्रतिस्थापन गरिएपछि पार्कमा आएका हिन्दु र बौद्ध धर्ममा आस्था राख्ने पर्यटकहरु त झन प्रफुलित हुने गरेको उनले सुनाए । यसले धार्मिक सद्भाव कायम भएको उनले बताए ।

संघीय र प्रदेश सरकारको सहयोगमा निर्माण गरिएका आकर्षक प्रतीक्षालय, खानेपानी, कटेज, शौचालय, हेलिप्याड सहितको सुविधाले पर्यटकलाई पार्कको मज्जा लिन सहज भएको छ । पार्कबाट प्रष्ट अवलोकन गर्न सकिने हिमश्रृंखला तथा पहाडको सुन्दर दृष्यले पर्यटकहरु मोहित हुने गरेको स्थानीय एसिक नेपालीले बताए । घेराबारले सुरक्षित पारिएको यो पार्कमा प्रवेश गर्नको लागि कुनै शुल्क तिर्नु पर्दैन । दोलखाको सदरमुकाम चरीकोटबाट जिरी बजार, जिरीबाट माली, यलुङहुँदै स्टोन पार्कसम्म पुग्न सकिन्छ भने, रामेछापको ठोसे, शिवालय हुँदै पनि जान सकिन्छ ।

## Melamchi Municipality
## Office of the Municipal Executive
Melamchi, Sindhupalchok

### Invitation for Bids

**Date of First Publication: 2080/05/31**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S. N. | Name of the Project/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|
| 1 | Construction Works of Bahunaepati Majhigaun DadaThok Bansbari Bhanjyang Road. (MMSI/WORKS/NCB/2080-81/01) | NRs. 10,00,000 | NRs. 5,000.00 | 2080/06/30, 12:00 Hrs. | 2080/06/30, 13:00 Hrs |
| 2 | Upgrading Work Of Melamchi-Gairigaun-Sunkhani-Langarche Sadak. (MMSI/WORKS/NCB/2080-81/03) | NRs. 10,00,000 | NRs. 5,000.00 | 2080/06/30, 12:00 Hrs. | 2080/06/30, 13:00 Hrs |

1) Eligible Bidders may obtain further information from the Office of the Municipal Executive, Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.
2) Bidder may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp,. Bidders should deposit the cost mentioned above of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti (Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
## Federal Road Supervision & Monitoring Office, Itahari
## Road Division Harkapur, Okhaldhunga

### Invitation for Bid

**Bid Notice No.: 03-RDHKR/2080/81**
**Date of Publication : 2080/05/31 (17 September 2023)**

1. Road Division Harkapur, Okhaldhunga invites open competitive Bidding (Single Stage Single Envelope) from eligible bidders for the construction of following works under National Competitive Bidding Procedure:

| Contract Identification No. | Description of Works | Estimated Amount Excluding VAT in NRs. | Bid Security Amount, NRs. | Bid Validity Period, Days | Bid Document Fee, NRs. |
|---|---|---|---|---|---|
| RDHKR/ 33701169 /2080/81-09 | Roadway Exacavation & Structrual Works on Likhu Ekbaar Nabpur to Gamtangtar Dade Road, Okhaldunga | 4,273,408.75 | 1,18,000.00 | 90 | 3000.00 |
| RDHKR/ 33701169 /2080/81-10 | Roadway Excavation, Hume pipe (NP3) and Structural Works on Saghutar Ghorakhori Okhaldunga Road, Okhaldunga | 4,273,472.41 | 1,18,000.00 | 90 | 3000.00 |
| RDHKR/ 33701169 /2080/81-11 | Painting & Road Safety Works on SRN Road Roadway Excavation and Structural Works on Jayramghat Mulghat Khuwa Solu Dudhkhosi Ekbar Road, Okhaldunga | 12,820,298.23 | 3,53,000.00 | 90 | 3000.00 |

2. Date of Pre-Bid Meeting , Submission Deadline and Opening of Bids:

| Pre-Bid Meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| 05 October 2023 (2080/06/18), 13:00 hrs at Road Division Harkapur, Okhaldhunga | 17 October 2023 (2080/06/30), 12:00 hrs at Road Division Harkapur, Okhaldhunga | 17 October 2023 (2080/06/30), 13:00 hrs at Road Division Harkapur, Okhaldhunga | Name of the Bank: Rastriya Banijya Bank, Okhaldhunga<br>Name of Office: Road Division, Harkapur<br>Office Code no. : 337-011-001<br>Office Account no.: 1000200010000<br>Revenue Head No. : 14229 | Name of the Bank: Rastriya Banijya Bank, Okhaldhunga<br>Name of Office: District Treasury Controller's Office, Okhaldhunga<br>Office Code: 337-011-001<br>Office Account No.: 2070203000000 |

**Division Chief**



## सम्पादकीय

# नखोजिएको विकल्प

भक्तपुरको मध्यपुर ठिमी नगरपालिकामा नगर प्रहरीलाई ठेलागाडामा ब्यापार गर्ने एक महिलाले आक्रमण गरेको भिडियो अहिले सामाजिक सञ्जालमा छरपस्ट भएको छ । नगरप्रहरीले ठेलागाडामा बेच्न राखिएको कपडा बाहिर राखेर ठेला नियन्त्रणमा लिएको थियो । आफ्नो ठेलागाडा नियन्त्रणमा लिएपछि ती ब्यापारी महिलाले नगरका महिला प्रहरीलाई घाँटीमा अठ्याएकी थिइन् । अरू स्थानीय र नगर प्रहरीको सहयोगमा ती ब्यापारी महिलाको हात खुस्काएकी छन् । यसपछि ती महिलालाई नियन्त्रणमा लिएर एकदिन हिरासतमा राखियो, १० हजार जरिवाना तिराएर छोडियो । यस्तै दृष्य राजधानी उपत्यका रहेको काठमाडौं महानगरमा पनि देखिने गरेको छ । ठेलागाडा ब्यापारी र नगर प्रहरीबीच बेलाबेला घम्साघम्सी पर्ने गरेको छ । घम्साघाम्सीको कारण चाहिँ नगरपालिकाले फुटपाथमा ब्यापार गर्न रोक लगाउनु हो ।

विशेषगरी गएको वर्ष सम्पन्न स्थानीय चुनावबाट आएको स्थानीय तहको नेतृत्वले फुटपाथमा कडाइ गरिरहेको छ । सटर लिएर मात्रै ब्यापारी गर्न दिने नीतिका कारण फुटपाथ हटाइरहेको छ । त्यसको मारमा ठेलागाडामा ब्यापार गरेर गुजारा चलाइरहेकाहरू परेका छन् । तसर्थ नगर प्रहरीको आँखा छलेर ब्यापार छोडेका छैनन् । उनीहरूले फुटपाथमा ब्यापार नगरे गुजारा चलाउन नसकिने तर्क गरिरहेका छन् । अर्कातिर नगरले पनि यसरी ब्यापार गर्न कुनै हालतमा नदिने अडानसहित कार्बाही गरिरहेको छ । काठमाडौं महानगरका मेयर बालेन्द्र शाहको फुटपाथ हटाउने निर्णयको चर्को आलोचना हुँदै आएको छ । गरिखाने कमजोर वर्गमाथि बालेन निर्मम बनेको टिप्पणी भइरहेको छ । तर नियम सबैलाई एउटै लागू हुने तर्कसहित बालेनले फुटपाथ खाली गराउने अभियानलाई निरन्तरता दिदै आएका छन् । उनको सिको गर्दै देशभरका अरू नगरले पनि फुटपाथ खाली गराउनुलाई अभियान बनाइरहेका छन् ।

तर फुटपाथ खाली गराउने अभियान सफल हुन सकिरहेको छैन । अर्कातिर नगर प्रहरीसँग फुटपाथ ब्यापारीको घम्साघम्सी रोकिएको छैन । अर्थात् फुटपाथलाई खाली गराउने अभियानले तनाव मात्रै बढिरहेको छ । समाधान हुन निस्कन सकिरहेको छैन । अझ एकपछि अर्को ठूलो चाँडहरू नजिकिदै गरेकाले यस्तो ब्यापार बढी देखिन सक्छ । अतः नगरलाई व्यवस्थित गर्ने नगर प्रहरीको चाहना र गुजाराका निम्ति फुटपाथको ब्यापारी गर्नैपर्ने बाध्यताबीच दीर्घकालीन समाधान खोज्न आवश्यक छ । यस्तो दीर्घकालीन समाधानमा स्थानीय सरकारलाई प्रदेश र संघ सरकारको सहयोग आवश्यक छ ।

# विद्यालय र बालअधिकार

अग्रलेख



● बाबुकाजी कार्की

यस वर्ष 'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी' भन्ने नाराका साथ ५९औं राष्ट्रिय बाल दिवस मनाइएको छ। नेपालले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९लाई भाद्र २९, २०४७ गरेको थियो। वि.सं. २०२१ सालदेखि नेपालमा बाल दिवस मनाउन थालिएको हो। तत्कालिन रानी रत्नद्वारा आफ्नो जन्म दिवसको दिन भाद्र ४ गते बालमन्दिर स्थापना गरेर वि.सं. २०२१ सालदेखि बाल दिवस मनाउन थालिएको थियो । नेपालले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९लाई २९ भाद्र २०४७ मा अनुमोदन गरेको थियो। २०४६को जनआन्दोलनपछि बनेको सरकारले भने महासन्धि अनुमोदनको मितिलाई (भाद्र २९ गते)लाई दिवसको रूपमा मनाउने चलन बसालेको हो। यसै दिनमा बालबालिकासँग सरोकार राख्ने विभिन्न कार्यक्रमकासाथ राष्ट्रिय बाल दिवस मनाउने चलन छ।

विगत वर्षहरुमा पनि बाल दिवसको क्रममा बालबालिकालाई डर, बल र करले होइन रहरले अनुशासित हुन सिकाऔं, बालबालिकामाथि हुने दुर्व्यवहारविरुद्ध एकजुट होऔं आदि आदर्श र गुलिया नारा बालबालिकाको लागि लाग्दै आएका हुन् । नेपालको संविधानले बालबालिकाको शिक्षा स्वास्थ्यको सुनिश्चितता गरेको छ। बालबालिका भविष्यका कर्णधार भन्ने परम्परागत नारालाई सार्थकता प्रदान गर्न उनीहरुको चौतर्फी विकासका लागि बाल अधिकारसँग सरोकार राख्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यको सहज सुनिश्चितता आधारभूत शर्त हो। तर, विद्यालय शिक्षामा सरकारी लगानी पर्याप्त नभएको कारण बालमैत्री विद्यालयका अभ्यासहरु उत्साहजनक छैनन् । विद्यालय शिक्षा स्थानीय तहको जिम्मा संविधानले तोकेको छ। बलमैत्री पालिकाहरु घोषणा गर्ने र बाल उद्यान, बाल पोषणलगायतका कार्यहरु केही पालिकले गरे तापनि समग्ररूपमा उत्साहजनक छैन् ।

अचेल बालबालिका २-३ वर्षको उमेरदेखि नै विद्यालय जान थाल्छन्। सरकारद्वारा लागू गरिएका लिखित पाठ्यक्रम र पाठ्यपुस्तकका कुराहरु मात्रै नसिकेर अप्रत्यक्षरूपमा अन्य बानी व्यहोरासम्बन्धी अनेक जीवनोपयोगी कुरा पनि सिक्छन् । त्यसकारण विद्यालयको वातावरण बालमैत्री हुनु अत्यावश्यक छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थीक र अभिभावकबीचमा सुमधुर सम्बन्ध र सक्रिय सहकार्यमा मात्रै बाल अधिकार र बालमैत्री विद्यालयको सुनिश्चितता हुनसक्छ । बालबालिकाले निर्वाधरूपमा पढ्न पाउनु प्रमुख अधिकार भए तापनि विद्यालय व्यवस्थापनमा चरम राजनीतिका कारण बालबालिकाको पढ्न पाउने हक कुण्ठित भएको छ । सानोतिनो माग पूरा गर्न पनि शिक्षक कर्मचारीले आन्दोलनकै सहरा लिनुपर्ने, उच्च शिक्षाका विद्यार्थीहरुको मौसमी आन्दोलन, आन्दोलनकारीले उठाएका माग व्यवहारमा पूरा गर्नेतर्फ सरकारको गैरजवाफदेहिता, दलहरुको स्वार्थी राजनीतिका कारण शिक्षा क्षेत्र समय समयमा अस्तव्यस्त हुँदै आएको जगजाहेर नै छ ।

बालबालिका तथा विद्यालय शान्ति क्षेत्र, बाल अधिकार तथा शैक्षिक अनुशासन आदी देखाउने दाँत मात्र भएका छन् । शिक्षा ऐन नियमअनुसार २२० दिन विद्यालय खोल्ने, समयमा पाठ्यपुस्तक पुऱ्याउने, पर्याप्त लगानी र विषय शिक्षकको व्यवस्थापन तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता भाषण गर्ने विषय मात्र बनेका छन् । विगतदेखि नै राजनीतिक मागहरु समेत पूरा गर्न बाल अधिकारको खिल्लि उडाउँदै शिक्षण संस्थामा पठनपाठन बन्द गरेर अबोध बालबालिकालाई प्रयोग गरिएको सञ्चार माध्यममा बग्रेल्ती देख्न र सुन्न पाइन्छ । यसरी अबोध तथा निष्कलंक बाल मस्तिष्कमा द्वन्द्व, हिंसा र वैमनुष्यता फैलाउनु समाज र देशको लागि आत्मघाती कदम हो । खेल्दै पढ्दै रमाउने उमेरका बालबालिकालाई विभिन्न कोलाहालपूर्ण आन्दोलन, कर्फ्यु, आक्रमण, प्रतिकार जस्ता त्रासादीपुर्ण घट्नाको प्रत्यक्षदर्शी बनाइनु आफैमा जघन्य अपराध हो ।



> *विद्यालय शान्ति क्षेत्रको रूपमा स्थापना नभएसम्म नेपालले विश्व समुदायसमक्ष गरेको 'सबैका लागि शिक्षा र मानव विकास लक्ष्य' पूरा गर्न सम्भव छैन । नेपालको राष्ट्रिय योजनामा परेको विद्यालय क्षेत्र सुधारअन्तर्गत सबैका लागि शिक्षा होस् या शिक्षाका लागि विश्वव्यापी अभियानका लक्ष्यहरु हासिल गर्न विद्यालयमा निर्विवादरूपमा तोकिएको समयावधिभर पठनपाठन जरुरी हुन्छ । नेपालका सबै विद्यालयहरुलाई वास्तवमा कसरी शान्ति क्षेत्र बनाउन सकिन्छ ? सबैको चिन्ता र चिन्तनको विषय बन्नुपर्दछ ।*

विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट निस्कलंक राख्न वर्तमान परिवेशमा हम्मे हम्मे परेको छ । विद्यालय व्यवस्थापन गठनमा स्थानीय निकायको चुनावलाई बिर्साउने गरी पार्टीगत प्यानल उठाएर अस्वस्थ प्रतिष्पर्धा गर्ने परम्परा हावी रहनु, यसरी छानिएका पदाधिकारीबाट शिक्षक कर्मचारी नियुक्ति लगायतका गतिविधिमा विवेकभन्दा विचार, राम्रोभन्दा हाम्रो नीतिभन्दा नेताको आधारमा निर्णय भएका बग्रेल्ती उदाहरण पाइन्छन् । कतिपय अवस्थामा शिक्षक विद्यार्थी स्वयंमबाट शिक्षण संस्थालाई राजनीति गर्ने अखडा बनाउने जस्ता आत्मघाति कदम चालेको पाइन्छ ।

विद्यालयलाई राजनीतिको दुराशाययुक्त ग्रहणबाट मुक्त राख्न विद्यालयभित्र राजनीतिक सभा, सम्मेलन, शिक्षक विद्यार्थीको राजनीतिक सभा सम्मेलनमा अनिवार्य उपस्थितिको बाध्यता, विद्यालय भवन तथा हाताभित्र पार्टीका नारा, प्रचार सामग्री लेखन तथा विद्यालयका नीति नियम र निर्णयलाई पार्टीको स्वार्थपूर्ति गर्ने गरी प्रत्यक्ष परोक्ष प्रभाव पार्ने गतिविधिहरु राजनैतिक हस्तक्षेपका केही प्रतिनिधि उदाहरण मात्र हुन् । यी र यस्तै खाले गैरशैक्षिक क्रियाकलापले विद्यालयलाई स्वच्छ र स्वस्थ शान्ति क्षेत्रको रूपमा विकास गर्न बाधा पुगेको सर्वत्र महशुस गरिएको छ । अतः विद्यार्थीको योग्यता, क्षमता, आवश्यकता र चाहनाअनुसार शिक्षा आर्जन गर्ने उत्कृष्ट थलोको रूपमा विकसित गर्ने खालको साधनस्रोत जुटाउन र परिचालन गर्न तथा शिक्षक विद्यार्थीले स्वस्फूर्तरूपमा अनुशासित वातावरण कायम राख्दै स्वाभिमानीपूर्वक अध्ययन अध्यापन गर्न कम्तीमा पनि नकारात्मक राजनीतिक प्रवृतिलाई विद्यालयमा ढिम्किन दिनु हुँदैन । यस्ता निन्दनीय प्रवृतिलाई निरुत्साहित गर्न कडा आचारसंहिताका साथै कार्यान्वयनका आधारमा पुरस्कार र दण्डको पारदर्शी व्यवस्था गरी सार्वजनिक गरिनु पर्दछ ।

विद्यालयलाई शान्ति क्षेत्र घोषणामा हस्ताक्षर गरेका कतिपय राजनीतिक दलहरुको प्रतिबद्धता देखाउने दाँत मात्र भएको छ । बालबालिकाको समग्र विकासको निम्ति विद्यालयको वातावरण शान्त, सुरक्षित र रमाईलो हुनु अपरिहार्य हुन्छ । विद्यालय विभिन्न संस्कार संस्कृतिका पृष्ठभूमी बोकेका बालबालिका जमघटको संगम स्थल हो । विद्यालयलाई बालबालिकाको लागि सहज सुरक्षित एवम् रोचक ढंगबाट शिक्षा आर्जनका निमित्त सुगम पहुँच स्थानको रूपमा विकास र विस्तार गरिनुपर्दछ । व्यवस्थित, बालसुलभ, सुरक्षित र बाल संरक्षितरूपमा विद्यालयको व्यवस्थापन गर्दै लैजानु पर्छ । विद्यालय बालबालिकाको शारीरिक, मानसिक, संज्ञानात्मक, बौद्धिक, नैतिक विकास गर्ने पवित्र साझा थलो बन्नु पर्छ । विद्यालय शान्ति क्षेत्रको आवश्यकता र औचित्यका बारेमा राज्यका निकायहरु र यस क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था बीच साझा बुझाई विकास गरी खास सूचकहरु पहिचान हुन आवश्यक छ । बालमैत्री विद्यालयको परिकल्पना विद्यालय शान्ति क्षेत्र बिना निरर्थक हुन्छ । विद्यार्थीको आफ्नो योग्यता क्षमता र औकातअनुसार अधिकतम योग्यता दक्षता हासिल गर्न विद्यालय शान्ति क्षेत्र अपरिहार्य हुन्छ ।

विद्यालय शान्ति क्षेत्रको रूपमा स्थापना नभएसम्म नेपालले विश्व समुदायसमक्ष गरेको सबैका लागि शिक्षा र मानव विकास लक्ष्य पूरा गर्न सम्भव छैन । नेपालको राष्ट्रिय योजनामा परेको विद्यालय क्षेत्र सुधारअन्तर्गत सबैका लागि शिक्षा होस् या शिक्षाका लागि विश्वव्यापी अभियानका लक्ष्यहरु हासिल गर्न विद्यालयमा निर्विवादरूपमा तोकिएको समयावधिभर पठनपाठन जरुरी हुन्छ । नेपालका सबै विद्यालयहरुलाई वास्तवमा कसरी शान्ति क्षेत्र बनाउन सकिन्छ ? सबैको चिन्ता र चिन्तनको विषय बन्नुपर्दछ । विद्यालयको व्यवस्थापन तथा गतिविधिहरुमा राजनीतिक हस्तक्षेपबाट कसरी तटस्थ राख्ने ? कम्तीमा सबै सरोकार पक्ष गम्भीर हुनुपर्ने बेला आएको छ । विद्यालयमा हुने भेदभाव दुर्व्यवहार, वेवस्था, शोषण तथा शारीरिक एवम् मानसिक यातनाबाट निस्कलंक राख्न के-के उपायहरु अबलम्बन गर्नुपर्छ ? स्पष्ट नीति नियम, तथा आचारसंहिता बनाएर पालना भए नभएको निर्मम अनुगमन निरीक्षण प्रणालीको स्थापना अपरिहार्य हुन्छ ।

शान्ति क्षेत्रलाई प्रत्यक्ष र परोक्ष सरोकार राख्ने राजनीतिक दलका भातृ संघ संगठन, शैक्षिक पेसागत संघ संगठन, सरकारी तथा गैह्रसरकारी संघसंस्था, नीजि तथा सामुदायिक सामाजिक सस्थाहरुलगायत विद्यालयको विकास र विस्तारमा सहयोग, सहकार्य र समन्वय गर्ने पक्षहरुसँगको संलग्नतामा मात्रै विद्यालय शान्ति क्षेत्र दिगो र बाल अधिकार सुनिश्चित कुरामा दुई मत हुन सक्दैन । बालमैत्री समाजको आधारको रूपमा बालमैत्री विद्यालयलाई लिन सकिन्छ । संविधानअनुसार विद्यालय शिक्षा व्यवस्थापन र सञ्चालनको समग्र जिम्मेवारी लिएको स्थानीय सरकारको सक्रियतामा मात्रै बालमैत्री विद्यालय फस्टाउने वास्तविकता हो ।

*(कार्की, पूर्वजिल्ला शिक्षा अधिकारी हुन् ।)*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

आजका पन्चे, पूर्व पन्चे, सुदुर-पूर्व पन्चे, कांग्रेस पन्चे, कम्युनिष्ट पन्चे, बुद्धिजीवी पन्चे, यूवा पन्चे आदिका कुरा सुन्दा पनि दिक्कै लाग्यो । आजका नालायकहरूको विकल्प हिजोका नालायकहरू होइनन् । अतित प्रेमीहरू- विकल्प त यूग सुहाउँदो लायक पात्र र लायक प्रणालीतिर पो खोज्ने हो ।



**- सुर्यराज आचार्य**

उत्पादकत्व तथा अर्थतन्त्रमा सारभुत योगदान बिना 'रेन्ट-सिकिङ्ग' प्रवृत्ति अपनाएर धनी हुन पाइने बिचौलिया तन्त्रीय संरचनाको जग हाल्ने श्रेय ०४८ सालको गिरिजा सरकारलाई जान्छ । त्यही जगमा अरूले गच्छेअनुसारको योगदान दिइ अहिले 'लुटतन्त्र'को 'भव्य' महल खडा भएको छ ।



**- डम्मर खतिवडा**

प्रधानमन्त्री र अर्थमन्त्री अस्तीका दिन कतै भन्दै थिए- अध्याँरो मात्रै हैन, उज्यालो पनि देख्ने, लेख्ने गरौं । गत एक आर्थिक वर्षमै वैदेशिक रोजगारमा सात लाख ७५ हजार र पढ्न एक लाख १० हजार विदेशिएका छन् । यसको उज्यालो पक्ष- रेमिट्यान्स इतिहासमै सबैभन्दा धेरै भयो । यही त होला उज्यालो पक्ष ?




**- सेतेमान तामाङ**

परिवर्तन कसैले गरिने होइन, परिवर्तन आफैंले गरिने हो । परिवर्तनको दुश्मन नै प्रतिगामी हो । प्रतिगामीले सधैँ षडयन्त्र मात्रै गर्छन् । विगतमा कसले के गरे भन्नेतर्फ लाग्ने होइन । जसले जे गल्ती गरे, उसले सजाय भोग्ने हो । अब परिवर्तनको लागि अरुले होइन आफैंले गर्नेतर्फ लागौं ।

# फेरि मनोगतवादकै कुरा

टिप्पणी



● लेखराज रेग्मी

> *आफ्नो भूमिका नरहने नेपाली कांग्रेस र एमालेलाई एमसीसीविरुद्ध नतान्ने, तर एकहोरो प्रचण्डलाई गाली गर्नेहरुले इतिहासमा डिलमा बसेर निर्मल लामा र मोहनविक्रमलाई पनि कम गाली गरेका छैनन् । यसलाई विश्वास गरेर रणनीति तय गर्न सकिने स्थिति छैन ।*

लाग्छ, मनोगतवादको आलोचना र विरोधको लागि शास्त्रीय मार्क्सवादमा कुनै योगदान आवश्यक छैन । त्यसैले शास्त्रीय बहस चलाइरहनु पनि पर्दैन । कसैले पनि आफूलाई मार्क्सवादी मनोगतवादको शास्त्रीय पक्षपोषणको शाहस नगर्ला । तर, यतिले नपुग्दो रहेछ र नयाँ-नयाँ स्वरूपमा मनोगतवाद फणा उठाउन थाल्दो रहेछ ।

आजकल अरुले सहमति नजनाएका कारण केपी शर्मा ओली नेपालको महान् परिवर्तनमा परिणाम दिन सक्नु भएन, नत्र सबै ठिकठाक थियो । यसरी ओलीको महान नेता बन्ने झापाकालदेखिको सपना सार्थक हुनसकेन । निर्मल लामाको बिदाईसँगै एकमना सर्वसम्मत नेता बन्न सकिने मोहनविक्रम सिंहका सपना दुई वर्ष पनि टिकेनन् र सर्लक्क क्रान्ति अगाडि बढाएर इतिहास रच्ने काम सम्पन्न भएन । लामा र मोहनविक्रम जस्ता जब्बर अवरोध हटाएर महान क्रान्ति नायक बन्ने मोहन वैद्यको सपना पनि 'सेक्टर काण्ड'मै पुगेर टुट्यो ।

कामरेड प्रचण्ड पूर्वको गोञ्जालो बन्ने सपना देख्दै गर्दा पेरुले भोगेको सेटब्याक अत्यन्त अप्रिय र दुःखद थियो । जनवादी क्रान्तिका विभिन्न धाराहरुसँगै चौथो अन्तर्राष्ट्रियको सपना पनि टुट्यो । यो नेपाली क्रान्तिकारीहरुको लागि गम्भीर शिक्षा र चेतावनी थियो । हामी ढिठ भयौं । दासढुंगा हत्याकाण्डले जुन संकेत गरेको थियो, त्यही ढिस्कोमा ठोक्किएर नेपाली जनयुद्धले बाटो फेऱ्यो ।

तर हामीभित्र आजपनि एउटा मिथक कायम छ- प्रचण्डले बाटो नबदलेको भए जनवादी क्रान्ति अधुरो रहने थिएन । झापा आन्दोलनको जगमा तिव्र वर्ग युद्धका चाहनाहरुलाई खबरदारी गर्दै स्वयम् वैद्य जीले आफैले लेखेका लेख दोहोऱ्याएर पढ्दा मात्र मिथकीय दाबी बदलिने छन् । युद्धबाट फिर्ता आफै एउटा दुर्घटना बन्न पुग्यो, यसको कारण ईयु र युएनमाथि भर पर्ने तर, आन्तरिक शान्ति प्रक्रियामा सहयोगीहरुलाई मिनिमाइज गर्ने । पहिलो राष्ट्रपति निर्वाचन प्रकृयामा छताछुल्ल भइसक्दा पनि गल्ती सच्याउन नसक्नुमा मनोगतवाद जिम्मेवार छ र आज एमसीसी, बाम आन्दोलन र बाम एकतामा भाँजो हालेर खुट्टा टेक्ने र जरा जमाउने काम गरिरहेको छ ।

तर हामीलाई लागिरहेको छ- प्रचण्डले चाहेको भए अमेरिका सहजै फर्कन्थ्यो । विश्वमा चलिरहेको वैश्विक बरियताको लडाईं, भारतको क्षेत्रीय प्रभुत्वको महत्वाकांक्षा र उभारमा रहेको चिनियाँ अर्थतन्त्र दुवैलाई चुनौति देखिरहेको अमेरिका तथा नेपालको भौगोलिक सामरिक महत्वसँगै अस्थिर सत्ता, त्रिसंकु संसद तथा ओलीको कारण फुटमा पुगेको कम्युनिष्ट आन्दोलनलगायत आन्तरिक तथा बाह्य कारणहरुले एमसीसी रोक्न सकिएन । प्रचण्ड वा माओवादी केन्द्रले एक्लै पहल लिएर केही हुनेवाला थिएन । संसदबाट अनुमोदन हुने निश्चित भइसकेको स्थितिमा एकल प्रचण्ड र माके मात्रै दोशी भन्न कति सुहाउला । यदि भोलिपल्ट नै आन्दोलन नसेलाएको र संसदभित्र शक्ति सन्तुलन बदलिएर एमाले वा कांग्रेसभित्र विभाजन पैदा भएर संसद निरिह बन्ने स्थितिमा प्रचण्डले जोडबल गरेर पारित भएको भए स्थिति फरक हुन्थ्यो ।

यसरी हेर्दा, आफ्नो भूमिका नरहने नेपाली कांग्रेस र एमालेलाई एमसीसीविरुद्ध नतान्ने तर, एकहोरो प्रचण्डलाई गाली गर्नेहरुले इतिहासमा डिलमा बसेर निर्मल लामा र मोहनविक्रमलाई कम गाली गरेका छैनन् । यसलाई विश्वास गरेर रणनीति तय गर्न सकिने स्थिति छैन ।

अलि तितो नै भनौ, हामीले राजकाज व्यहोरिरहेको बेला अञ्चलाधिशसँगै बसेर चिया खानेहरुले चौथो महाधिवेशनविरुद्ध माले जन्माउन भूमिका खेलेको जग जाहेर छ । तर, यत्तिको आडमा हामी पञ्चायतले माले गठन गरेको जस्ता भद्दा र अनर्गल कुरा गर्दैनौं । एकता केन्द्रको विभाजनमा महत्वपूर्ण भूमिका निभाउने प्रचण्ड फ्यानहरु आज जनयुद्ध भारतीय आडभरोसा र निर्देशनमा भयो भनेर प्रचार गर्नेहरुसँगै छन् । भ्रमवश वा मनोगत कारणले झुक्किने बाहेक योजनाबद्ध प्रचण्ड विरोधीहरुका कतिपय दिनचर्या हेर्दा त प्रायोजित प्रचारकहरुको ठूलै नेटवर्क महसुस गरिन्छ । तर पनि संगठन नेतृत्व र विचारधाराका आधारमा सबैलाई र संस्थागतरूपमा यस्तो घृणित आरोप लगाइहाल्ने मनस्थितिमा छैनौ र यसलाई कम्युनिष्ट तथा जनतान्त्रिक आन्दोलनभित्रका भड्कावसम्म भन्न सकिन्छ । यसै आधारमा सहकार्य खोज्ने प्रयत्न पनि हुनुपर्छ भन्ने मान्यता राख्दछौं ।

हामी नीति कार्यक्रम र नेतृत्वमा देखिने कमजोरीको आलोचना र गल्तीको विरोधमा मत जाहेर गर्न प्रयत्नशिल छौं । तर महसुस भैरहेको तथ्य के हो भने एमसीसीको कारण जुन दरार खडा गरिँदैछ सशक्त वैचारिक संघर्ष दबाव सिर्जना गर्दै ससक्त एमसीसी विरोधी संसदीय गैरसंसदीय मोर्चाहरु बन्ने दिशामा त्यसलाई असफल बनाइदिनुपर्छ भन्ने चाहन्छौं ।

*(रेग्मी, माओवादी केन्द्रका नेता हुन् ।)*

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | स्थानान्तरण हुनेछ। धार्मिक कार्यहरुमा रुचि बढ्नेछ । |
| वृष : | शुभ सन्देश प्राप्त हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| मिथुन : | जग्गासम्बन्धी कार्यमा प्रगति हुनेछ। यात्राको योग छ । |
| कर्कट : | पारिवारिक तनावको योग छ । नयाँ सोचअनुसार काम हुनेछ । |
| सिंह : | पद प्रभावमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |
| कन्या : | भाग्यमा वृद्धि हुनेछ । घरमा नयाँ पाहुना आउनेछन् । |
| तुला : | वाणी संयम राख्नुहोला। घरेलू सहयोग राम्रो रहनेछ । |
| वृश्चिक : | काम बन्ने योग देखिन्छ। अध्यात्मिक रुचि बढ्नेछ । |
| धनु : | नयाँ कार्यमा प्रगति तथा श्रीमतीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| मकर : | प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ। बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| कुम्भ : | अनावश्यक यात्रा गर्नु हुँदैन । नौलो कार्य प्रारम्भ हुनेछ । |
| मीन : | अर्काको जिम्मा लिनु हुँदैन। प्रभाव बढ्नेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लिबियाका बाढी पीडितलाई मानवीय सहायता

**काठमाडौं/एजेन्सी–** लिबियामा ड्यानियल आँधीसँगै परेको मुसलधारे वर्षाले भीषण बाढी निम्त्याउँदा ज्यान गुमाउनेको वास्तविक संख्या परस्पर विरोधात्मक आइरहेका बेला अन्तर्राष्ट्रिय मानवीय सहायता निकायले राहत सामग्री ल्याएका छन् ।

पूर्वी शहर डेर्नाका एघार हजार तीन सय मानिसले ज्यान गुमाएका लिबियाली रेडक्रसका एक अधिकारीले शुक्रबार बताएका थिए । तर शनिबार पूर्वी भेगका स्वास्थ्यमन्त्रीले तीन हजार एक सय ६६ जनाको मृत्यु भएको बताएका छन् । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का अधिकारीहरूले तीन हजार नौ सय ९८ शव भेटिएका जनाएको छ ।

डेर्नामा मात्र अझै नौ हजार जना हराइरहेका छन् भने देशका अन्य भागबाट दशौं हजार बेपत्ता भएका तथा ५० हजारभन्दा बढी विस्थापित भएका छन् । गत आइतबार दिउँसो आँधी आएसँगै मुसलधारे वर्षा हुँदा दुईवटा नदीमा बाँधिएका दुई वटा बाँध भत्केपछि बाढीले गाउँ-शहरका भवन र तिनमा बसेका सबैलाई बगाएको थियो । बाढीको विनाशबाहेक डेर्नामा केही देखिदैन । सामाजिक संघसंस्थाका प्रतिनिधि हिलोमा पुरिएका लाश निकाल्न र तिनको व्यवस्थापनमा व्यस्त छन् ।



बाढीबाट सर्वाधिक प्रभावित पूर्वी शहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरबारविहीन भएका आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय संगठन (आईओएम)ले बताएको थियो । नब्बे हजार जनसंख्या भएको डेर्नामा अहिले जताततै शवमात्र छरिएका र उद्धारकर्ता एवम् सामाजिक संघसंस्थालाई शव व्यवस्थापन ज्यादै चुनौतीपूर्ण बनेको छ । सुडान र इजिप्टका चार सय विदेशीको पनि बाढीमा मृत्यु भएको छ । हालसम्म तीन हजार एक सय ९० जनाको अन्त्येष्टि गरिएको जनाइएको छ ।

यसैबीच पूर्वी लिबियाको बन्दरगाह शहर डेर्नाका प्रमुख अब्दुलमेनम अल-गैथीधच अनुसार बाढीमा परी १८ हजारदेखि २० हजार मानिसको मृत्यु भएको छ । दुई वटा बाँध फुट्दा डेर्ना नगर र आसपासका जिल्लाका बासिन्दाको तथ्यांकमा आधारित भएर उनले त्यति धेरै लिबियालीले ज्यान गुमाएको बताएका हुन् । डेर्ना र वरपरका जिल्लामा भएको अकल्पनीय विनाशका आधारमा मृतकको संख्या २० हजारको हाराहारीमा पुगेको अल-अरेबिया टिभीलाई उनले बताएका छन् ।

डब्ल्युएचओका लिबिया प्रतिनिधि अहमेद जोइटेनले हजारौं हताहत भएको प्राकृतिक विपत्तिको यस्तो लीला इतिहासमा विरलै भएको बताउँदै २९ टन स्वास्थ्य सामग्री प्राप्त भएको जानकारी दिएका छन् । स्वच्छ खानेपानी र सरसफाइको अभावमा बाढीपीडित बिरामी पर्नसक्ने भन्दै उनले अन्तर्राष्ट्रिय निकायहरूबाट पनि मानवीय सहायता प्राप्त हुन थालेको बताएका छन् ।

# 'फ्रान्सेली राजदूतलाई नाइजरमा बन्धक बनाइयो'

**काठमाडौं/एजेन्सी–** नाइजरका लागि फ्रान्सेली राजदूतलाई बन्धक बनाइएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले शुक्रबार देशको गोल्डेन कोस्ट क्षेत्रको भ्रमणका क्रममा पत्रकारहरूलाई नाइजरस्थित फ्रान्सेली राजदूत र अन्य फ्रान्सेली कूटनीतिज्ञहरूलाई फ्रान्सेली दूतावासमा बन्धक बनाइएको बताएका हुन् ।

गत जुलाई २६ मा जननिर्वाचित राष्ट्रपति मोहम्मद बजौमलाई अपदस्थ गरी देशको सेनाले नाइजरको सत्ता आफ्नो हातमा लिएपछि त्यसलाई फ्रान्सले अस्वीकार गर्दै राष्ट्रपतिलाई निःशर्त हिरासतमुक्त गरेर पुनःस्थापना गर्नुपर्नेमा जोड दिँदै आएको छ । विद्रोही नयाँ सैन्य नेतृत्वसँगको मतभेदका कारण राजदूतासहित कूटनीतिक कर्मचारी बन्धक बनेका हुन् । फ्रान्सेली राष्ट्रपतिले राजदूत, सिल्भेन इट्टलाई बाहिर निस्कन नदिइएको तथा खाद्यान्न आपूर्ति पनि रोकिएकाले उनीसहित सबै कूटनीतिक कर्मचारीले सैनिक रासन खाइरहेका बताएका छन् । सैन्य विद्रोहबाट सत्ता कब्जा गरेपछि नयाँ सरकारले राजदूत इट्टलाई देश छाड्न आदेश दिएको थियो । राजदूत इट्टले सैन्य सरकारको आदेश अस्वीकार गरेपछि उनको प्रवेशाज्ञा (भिसा) खारेज गर्दै उनलाई निष्काशन गर्न प्रहरीलाई निर्देशन दिएको छ ।

नाइजरको शान्ति-सुरक्षा तथा विकासमा सघाउन परिचालन भएका फ्रान्सेली सैनिकलाई फिर्ता गर्न सैनिक सरकारले सत्ता कब्जा गरेको दिनदेखि नै गर्दै आएको छ । फ्रान्सले भने राष्ट्रपति मोहम्मद बाजुम नेतृत्वको सरकासँगको सम्बन्ध एवं वैधताअनुसार व्यवहार गर्ने दोहोऱ्याउँदै आएको छ । राजदूतलाई उद्धार गर्ने सम्बन्धमा सोधिएको जिज्ञासाको जवाफ पनि राष्ट्रपति म्याक्रोँले राष्ट्रपति बाजुमसँगको सहमतिअनुसार गर्ने बताउँदै उनीसँग आफू निरन्तर सम्पर्कमा रहेको बताए । नाइजरको वैधानिक शासक राष्ट्रपति बाजुम भएको दोहोऱ्याउँदै उनले सैन्य शासकलाई फ्रान्सले अनुमोदन नगरेको स्पष्ट पारे । फ्रान्सेली विदेश मन्त्री क्याथरिन कोलोनाले नियामेस्थित दूतावासमा सानो टोलीका साथ राजदूत इट्टले काम गरिरहेका बताउँदै जति दिन उनी त्यहाँ रहन चाहन्छन् त्यो निजमा नै निर्भर हुने जनाएकी छन् । यद्यपि उनले राजदूतलाई फिर्ता बोलाउने विषय राष्ट्रपतिको निर्णयमा निर्भर हुने पनि बताइन् ।

फ्रान्सले नाइजरबाट आफ्ना सेनालाई फर्काउनेबारेमा पनि सैनिक अधिकारीहरूसँग छलफल गरिरहेको बताइएको छ । सैनिक विद्रोहपछि नाइजरका नागरिकमा फ्रान्स विरोधी भावना पनि बढेकाले चाँडै नै पेरिसले सेना फर्काउनसक्ने अफ्रिकी मुलुकमा सेवा गरेका एक जना पूर्व फ्रान्सेली राजदूतले बताएका छन् ।

# युक्रेनी र अमेरिकी राष्ट्रपतिबीच बिहीबार भेटवार्ता हुँदै

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका युक्रेनी समकक्षी भोलोडिमिर जेलेन्स्कीबीच आगामी बिहीबार राष्ट्रपतिको कार्यालयमा भेटवार्ता हुने भएको छ । भेटमा युक्रेनी राष्ट्रपतिले आफ्नो युद्धग्रस्त देशलाई थप आर्थिक एवम् सैन्य सहायताका लागि राष्ट्रपति बाइडेनसमक्ष आग्रह गर्नेछन् । आर्थिक सहायता प्राप्तिका निम्ति उनले अमेरिकी संसद्को पनि भ्रमण गर्ने बताइएको छ ।

बाइडेन प्रशासनले कंग्रेसलाई युक्रेनका लागि २४ अर्ब डलर विनियोजन गर्न आग्रह गरेको छ । यो रकममा १३ अर्ब १० करोड अतिरिक्त सैन्य सहायता तथा आठ अर्ब ५० करोड मानवीय सहयोग समावेश छ । केही राजनीतिज्ञले यति धेरै रकम युक्रेनलाई दिन नहुने बताएका छन् । विशेष गरी रिपब्लिकन पार्टीका केही नेताले युक्रेनका जनरलहरूले युद्ध सञ्चालन गर्ने तरिकाको आलोचना पनि गरेका छन् । युक्रेनको सुस्त प्रगतिको पनि उनीहरूले आलोचना गर्दै आएका छन् ।



अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत साता युक्रेनको भ्रमण गरेर ४१ अर्ब डलरभन्दा बढीको नयाँ सहायता प्याकेज घोषणा गरेका थिए । यो सहायतामा युरेनियम ट्यांक र गोलाबारुद पनि समावेश छ । यी घातक हतियार अमेरिकाले पठाएमा मस्को पनि प्रतिघातपूर्ण कदम चाल्न बाध्य हुने चेतावनी दिएको थियो ।

दुवै नेता यसै साता न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको महासभामा पनि सहभागी हुने कार्यक्रम छ । महासभालाई सम्बोधन गर्ने तथा विश्व नेताहरूसँग भेटघाट गर्ने युक्रेनी नेताको योजना छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बिहीबार नै युक्रेनी समकक्षीसँग भेट्ने निश्चित भएको छ ।

# पाकिस्तानी दूतावासका कर्मचारीले तलब पाएनन्



**काठमाडौं/एजेन्सी–** डलर तरलता अभावका कारण विश्वका केही मुलुकमा खटिएका पाकिस्तानी दूतावासका केही कर्मचारीले तलब पाएका छैनन् । पाकिस्तानको अर्थ मन्त्रालयले डलर तरलता अभावका कारण केही कूटनीतिक नियोगमा कार्यरत प्रेस सहचारी र काउन्सिलरलाई केही महिनादेखि मासिक तलब भुक्तानी गर्न असफल भएको द न्यूज इन्टरनेशनल अखबारले जनाएको छ ।

पाकिस्तानी अङ्ग्रेजी दैनिक द न्यूज इन्टरनेशनलका अनुसार अमेरिका, हङकङ र सिङ्गापुरमा खटिएका प्रेस सहचारी र काउन्सिलरहरूले गत जुन महिनादेखि तलब पाएका छैनन् ।

पाकिस्तानको अर्थ मन्त्रालयले देशको विदेशी मुद्राको सीमा समाप्त भइसकेको बताएको छ । त्यसैले चालु महिनाको पनि तलब निकासा सकेको छैन । डलर अभावले वासिङ्टन, हङकङ र सिङ्गापुरजस्ता अत्याधिक महँगो शहरमा काम गर्ने कूटनीतिक अधिकारीहरूलाई चार महिनासम्म तलबबिना आफ्नो एवं परिवारको भरणपोषणमा कठिनाइ भएको छ ।

वास्तविक आवश्यकताअनुरूप विदेशी मुद्राको हिसाबमा सूचना मन्त्रालयले रकम नछुट्याउँदा यो समस्या उत्पन्न भएको बताइएको छ । गत आर्थिक वर्षमा पनि यस्तै प्रकृतिकको समस्या उत्पन्न भएको थियो तर तत्कालीन अर्थमन्त्री इशाक दारले मन्त्रिपरिषद्को आर्थिक समन्वय समितिमा कर्मचारीका लागि पूरक अनुदानमार्फत तलब व्यवस्था गर्न निर्देशन दिएका थिए ।

केही कूटनीतिक कर्मचारीले अर्थव्यवस्थापनको मानसिक तनाव पनि खेप्नु परेको छ किनकि उनीहरूका सन्तान अध्ययनरत विद्यालय एवं शैक्षिक प्रतिष्ठानले समयमा शुल्क नबुझाएमा उनीहरूलाई परीक्षामा सामेल हुन नदिने चेतावनी दिएका द न्युज इन्टरनेशनलको समाचारमा उल्लेख छ ।


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/३१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरण:**
शान्त बहादुर बि.क. को नातीनी, भक्ते कामीको छोरी, ठाकुर बि.क.को बुहारी, हिरा बहादुर बि.क.को पत्नी बर्दिया जिल्ला, ताराताल गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं ०८, कालिका बस्ने **शारदा बि.क.** (ना.प्र.प.नं. ६५१००३-१३९ जारी मिति २०६४/१०/०८ जिल्ला प्रशासन कार्यालय बर्दिया) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. शान्त बहादुर बि.क.को नाती, भक्ते कामीको छोरा बर्दिया जिल्ला, ताराताल गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, मधुवन नगरपालिका वडा नं.०९, बस्ने **कुल बहादुर कामी** (ना.प्र.प.नं. ६५५६३४/५४८३ जारी मिति २०५५/०३/१६ जिल्ला प्रशासन कार्यालय बर्दिया) ।
२. शिव सिंह परियारको नातीनी, चन्द्र बहादुर दमाईको छोरी बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं.०५ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं.०८, कालिका बस्ने **सीता परियार** (ना.प्र.प.नं.६५१००१-५७६ जारी मिति २०६४/०९/२४ जिल्ला प्रशासन कार्यालय बर्दिया) ।

**धितो सुरक्षणको विवरण:**
१. **शारदा बि.क.**को नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ०५ स्थित कित्ता नं. ७३० र ७४५ को क्रमश ८४.६५ र ४२.३२ (व.मी)को जग्गा र उक्त जग्गामा बनेको पक्की घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नेपालगञ्ज, धम्बोजी फोन नं. ०५१-५३८०६१

## Aathabis Education Campus
Tilepata, Dailekh
Karnali Province, Nepal
Phone: 9868175936
Email: aathabiseducationcampus@gmail.com

### Invitation for Electronic Bids

**Date of publication: 31 Bhadra, 2080 (17 sept, 2023)**

Aathabis Education Campus invites Electronic Bids for the works, as mentioned in the table below, under National Competitive Bidding (NCB) procedures as specified in prevailing Public Public Procurement Act and Public Procurement Regulations of Nepal.Bidding is open to all eligible National Bidders.

| Contract Identification Number | Description of Tasks | Estimated Cost Excluding VAT and PS item | Minimum Bid Security Amount (Nrs) | Bid Opening Date and Time |
|---|---|---|---|---|
| 01/NCB/AEC/W/2080-081 | Construction of Aathabis Education Campus Building. | 43,98,300.00 | 1,25,000.00 | 17th Oct 2023,2:00 pm |

other details are provided in the uploaded respective Bidding Documents available in the e-Gp System of PPMO:www.bolpatra.gov.np/egp

## कतारमा रोजगार | कम्पनी: NICE DREAMS HOSPITALITY CLEANING SERVICES
शहर : Doha

पूर्व स्वीकृत मितिः २०८०/०४/१७ चलानी नं.: ६०२०५५२६ L.T. No.: 290201 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 5 | 4 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2000 | ७२,८४० | | | | | | | |
| 3. | Dry Clean Worker | 2 | 0 | | 1500 | ५४,६३० | | | | | | | |
| 4. | General Director | 1 | 0 | | 20000 | ७२८,४०० | | | | | | | |
| 5. | General Supervisior | 0 | 1 | | 5000 | १८२,१०० | | | | | | | |
| 6. | Nurse | 0 | 2 | | 5000 | १८२,१०० | | | | | | | |
| 7. | Supervisior | 5 | 0 | | 2500 | ९१,०५० | | | | | | | |
| 8. | Waiter | 2 | 5 | | 2000 | ७२,८४० | | | | | | | |

अन्तर्वार्ता जनपिरिया होटल नागढुंगा, पोखरा, कास्कीमा २०८० असोज १ गते (18 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १४५३/०७४/०७५
Sara Khasa Human Resource Pvt.Ltd.
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4574798, 9808338626
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: BARARI NATURAL RESOURCES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०५/२५ चलानी नं.: ६०२०५९७७ LT. No.:290613 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौमा २०८० असोज ४ गते गते (21 September 2023) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०
Jhapa Birtamod :- ०२३-५४३७८४ ,९८१६९१५२८६, ९८२३१४५९५४
Email: futurestarmp397@gmail.com

## MALAYSIA मा रोजगार | कम्पनी: AFTERMEAL CAFE SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१२/२४ चलानी नं.: ६०१९६५९ LT. No.:284171 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 26 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० असोज ७ गते (24 September 2023) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


श्रम इजाजत नं. ११६३/०७३/०७४
BLUE OCEAN RECRUITMENT PVT. LTD.
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 |
| Email: info@blueoceanmanpower.com,
recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

## साउदीमा रोजगार | कम्पनी : SALEH ATEF AL YAMI GENERAL CONTRACTING EST.
शहर: Saudi

पुर्व स्वीकृत मितिः २०७९/११/२३ चलानी नं.: ६०१९५९१३ LT. No.: 282136 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office and facility cleaning labor | 4 | 0 | | 1000 | ३५,३४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ७ गते (24 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


श्रम इजाजत पत्र नं.: १११/०५४/०५५
Space Overseas Services Pvt. Ltd.
Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ भदौ २०८०, आइतबार
17 September 2023, Sunday

# बक्स अफिस समाचार



## 'संघर्ष नै सफलताको कडी हो'

**प**र्दा सानो होस् वा ठूलो अगाडि देखिने कलाकारको जति भूमिका रहन्छ एउटा सिनेमा उत्कृष्ट बन्न पर्दा पछाडि रहेर काम गर्ने प्राविधिकहरुको त्यति नै महत्वपूर्ण भूमिका हुन्छ । मोफसलमा रहेर क्यामराम्यानको काम गरिरहेका सुमन नेपाली चितवन, भरतपुर ८ का स्थानीय बासिन्दा हुन् । पूरा युनिटको टिमवर्कले आ-आफ्नो जिम्मेवारी सहीरुपले निर्वाह गरेको खण्डमा सिनेमामात्र होइन म्युजिक भिडियो, वृत्तचित्र राम्रो हुनेमात्र होइन व्यावसायिक हिसावले पनि सफल हुने कुरामा दुई मत नरहने कुरा राम्रोसँग बुझेका नेपाली पर्दा पछाडि रहेर आफ्नो कार्य कौशलका कारण व्यस्त र चर्चामा रहिरहन सफल व्यक्तित्वमध्येमा पर्दछन् । एक दशकदेखि छायाँकारको रुपमा काम गर्दै आइरहेका नेपाली विगत तीन वर्षदेखि स्थानीय टेलिभिजन च्यानल "अभियान टिभी"मा क्यामराम्यानको रुपमा कार्यरत छन् । तीनसय भन्दा बढी म्युजिक भिडियो, चार दर्जनभन्दा बढी विवाह, ब्रतबन्ध र विज्ञापन खिचिसकेका सुमन नेपाली सिनेमा खिच्न भने खासै रुची राख्दैनन् । मोफसलमा रहेर आफ्नो पेशालाई निरन्तरता दिँदै आएका **सुमन नेपाली**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**मोफसलमा रहेर काम गरिरहनुभएको छ, कस्तो लागिरहेको छ ?**

मोफलसमा भएपनि कामको कुनै कमी छैन । सानो पर्दाका वृत्तचित्र, म्युजिक भिडियो, विवाह ब्रतबन्ध खिच्ने काममा भ्याइनभ्याइ हुन्छ । यस्तो काम गर्ने हामी सीमित छौं, राम्रो कमाइ हुने र खासै प्रतिस्पर्धा नहुने भएकाले मोफसलमै रमाइलो लाग्छ ।

**कहिलेबाट यो पेशामा हुनुहुन्छ ?**

व्यावसायिकरुपले क्यामराम्यानको पेशा अंगालेको त दश वर्ष बढी नै भयो ।

**यो स्थानमा पुग्न कतिको संघर्ष गर्नु पर्‍यो ?**

क्यामराम्यनको रुपमा आजको स्थानमा आइपुग्न संघर्षको कथा लामो छ । कुनै पनि क्षेत्रमा स्थापित हुन उसको मिहिनेत, काम प्रतिको लगनशिलता र धैर्यतामा निर्भर पर्छ । शुरुशुरुमा त जुनै काम पनि गाह्रो लाग्छ, त्यसमा प्राविधिक पक्ष त झन् गाह्रो विधा भएकाले त्यसको प्रशिक्षण लिएर सम्बन्धित विधामा दक्षता हासिल गरेरमात्र मैदानमा उत्रनु पर्छ । अनुहार हेरेर कसैले पत्याउँदैन, काम गरेर नै देखाउनुपर्छ अनिमात्र मार्केटमा उसको माग हुने हो । त्यसैले आजको यो पहिचान बनाउन मैले कुनै कसर छाडेको छैन । निरन्तर यो पेशामा लागि रहने अठोट लिएका कारण आज यो प्रतिष्ठा मिलेको जस्तो लाग्छ ।

**ठूलो पर्दामा काम गर्न पाए हुन्थ्यो जस्तो लाग्दैन ?**

काम कामै हो, पर्दा सानो होस् या ठूलो । मोफसलबाट कमै फिल्म निर्माण हुन्छ । केन्द्रबाट फिल्म बढी बन्ने भएका कारण मोफसलका कलाकार हुन् वा प्राविधिक राजधानी नगई सुखै हुन्न । तर मलाई कामकै लागि राजधानी जानुपर्छ जस्तो लाग्दैन । स्थानीय स्तरबाट बन्ने म्युजिक भिडियो, भाषिक फिल्महरु खिच्नमा नै म व्यस्त हुने गरेको छु । समयले साथ दियो भने फिचर्स फिल्म खिच्ने अवसर पनि जुर्ला नि ।

**भने पछि फिल्म पाए गर्नुहुन्छ ?**

म स्थानीय टेलिभिजनमा कार्यरत भएकाले अफिसबाट लामो छुट्टी लिन गाह्रो हुन्छ । फिल्ममा काम शुरु गरेपछि ४५-५० दिनसम्म लगातार सुटिङ नै हुन्छ । भिडियो, वृत्तचित्रमा काम गर्दा आफ्नो अफिसलाई ह्याम्पर पनि नपर्ने, धेरथोर आम्दानी हुने भएकाले फिल्मका लागि अफर आउँदा पनि गएको छैन । हेरौं भविष्यमा के हुन्छ ।

**पर्दामा देखाइने विषयवस्तु कस्तो हुनुपर्छ ?**

समाजमा अनेकौं घटना भइरहेका हुन्छन् । त्यसलाई सुक्ष्मरुपले अध्ययन गरी आमदर्शकसामु पस्कने सवालमा समाजमा के सन्देश दिँदैछ भन्ने कुराको महत्व ठूलो हुन्छ ।

एउटा किताबको अध्ययन गर्न एक वर्ष लाग्न सक्छ भने एउटा सिनेमा वा वृत्तचित्रले छोटो समयमै सम्पूर्ण जानकारी दिन सक्छ । भिडियोले दिने सन्देशको महत्व समाजमा धेरै हुन्छ, पढ्न र लेख्न नजान्नेले पनि सहजै बुझ्न सक्छन् । त्यसैले गहन अध्ययन गरेर सन्देशमूलक भिडियो निर्माण गर्दा समाजलाई राम्रो सन्देश दिन सकिन्छ भन्ने लाग्छ ।

**डिजिटल क्यामेरा आएपछि काम गर्न सजिलो भएको हो ?**

रिलमा त काम गरेको अनुभव गर्न पाइएन । डिजिटल क्यामेरा आएपछि दृश्यकैदमा सहजतासँगै चित्त नबुझुन्जेलसम्म दोहोर्‍याएर, तेहेर्‍याएर खिच्न सकिन्छ । प्रविधिको विकाससँगै डिजिटल माध्यमको पनि विकास भएकाले यसलाई सहज बनाउनुको साथै सबैको हात हातमा क्यामेरा भएता पनि सबै व्यावसायिक क्यामराम्यान बन्न भने सक्दैनन् ।

---

### तीज अवसरमा तीन महिलालाई बक्स अफिस सम्मान

## प्रकाशक श्रेष्ठ सम्मानित




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

मध्यान्ह राष्ट्रिय दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठ तीज महिला पत्रकारिता सम्मान-२०८० बाट सम्मानित भएकी छन् । नेपाली महिलाहरुको महान पर्व तीजको अवसर पारेर नेशनल बक्स अफिसले भक्तपुरको घोप्टे डाँडास्थित एक रिसोर्टमा आयोजना गरेको तीज म्युजिक अवार्ड कार्यक्रममा प्रकाशक श्रेष्ठलाई विगत २१ वर्षदेखि मध्यान्ह दैनिक निरन्तर प्रकाशन गरेर नेपाली पत्रिका प्रकाशनको श्रीवृद्धि गर्न अविछिन्न सेवासहित योगदान पुर्‍याएको भन्दै सम्मान गरिएको हो । प्रकाशक श्रेष्ठलाई कार्यक्रमकी प्रमुख अतिथि एवम् राष्ट्रिय दलित आयोगकी सदस्य मिनादेवी सोवले सम्मान पत्र र बक्स अफिस इन्टरनेशनल ग्रुपका अध्यक्ष आर के सुवेदीले फूलमाला अर्पण गरेर सम्मान गरेका थिए । सोही कार्यक्रममा स्वास्थकर्मी कमला थापा र चलचित्र निर्माता वितरक रत्न श्रेष्ठलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा निर्णायक मण्डल वरिष्ठ निर्माता किशान पोखेल, निर्देशक सत्यराज चौलागाईं, कलाकार केदार खड्का, निर्देशक शिव घिमिरे, नृत्य निर्देशक प्रदीप डंगोललाई बिदाइ गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सोव, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, प्रभाव दैनिकका प्रवन्ध निर्देशक कृष्ण कार्की, राष्ट्रवाणी साप्ताहिकका सम्पादक ताराचन्द्र देवकोटालगायतले तीजको शुभकामनाका साथै बक्स अफिसका अध्यक्ष सुवेदीले गरेका कार्यहरुको प्रसंशा गरेका थिए ।

बक्स अफिस इन्टरनेशनल ग्रुपका अध्यक्ष सुवेदीको अध्यक्षतामा भएको सो कार्यक्रम कलाकार समिर लामाले सञ्चालन गरेका थिए ।

---

## 'चित्रा'को छायाँकन शुरु



**काठमाडौं/मस-** फिल्म 'चित्रा'को छायाँकन शुरु भएको छ । शुक्रबार क्यामेरा र स्क्रिप्ट पूजा गर्दै पोखराबाट फिल्मको छायाँकन थालिएको हो । छायांकन सुरु भएसँगै प्रदर्शन मिति पनि घोषणा गरिएको छ । माघे संक्रान्तिलाई लक्षित गरेर आगामी पुस २७ गते फिल्म सार्वजनिक प्रदर्शनमा आउने निर्देशक घनश्याम लामिछानेले जानकारी दिएका छन् ।

सन्तोष अधिकारी फिल्मस्को ब्यानर तथा अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको निर्माण रहने फिल्ममा सन्तोष अधिकारी, अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सिम्रन खड्का, आयुशी ढकाल, कपिल शर्मा, कुमार गुरुङ, श्यामसुन्दर कार्की, गीता थापा, उज्ज्वल ढकाल, दिपेश गजुरेल र प्रकाश घिमिरेको अभिनय रहनेछ ।

जागिरबाट रिटायर्ड बाबु र छोरीको कथालाई प्रस्तुत गर्ने फिल्म पोखरापछि घाचोकमा छायांकन हुनेछ । आशिष थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहने फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद छ । प्रवीण सिंहको नृत्य, सम्राट बस्नेतको द्वन्द्व, महेश पौडेलको छायाँकन फिल्ममा रहनेछ ।

फिल्ममा राजन राज सिवाकोटीको गीत संगीत रहनेछ । केदार पराजुली (श्री कृष्ण फिल्मस्) ले फिल्मको नेपाल अधिराज्यभरको वितरण जिम्मा लिएको छ । फिल्मको अष्ट्रेलिया अधिकार अविनास रोका मगरले लिइसकेका छन् । अन्य देशको राइट्स पनि छिट्टै टुंगिने निर्माता एवम् कलाकार सन्तोष अधिकारीले जानकारी दिए ।

---

## 'डिग्री माइला'को शुभ मुहूर्त, दयाहाङको जोडी आँचल

**काठमाडौं/मस-** फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'को शुभ मुहूर्त गरिएको छ । रामबाबु गुरुङको निर्देशनमा बन्न लागेको फिल्मको शनिबार बिहान नक्साल भगवती मन्दिरमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै शुभ मुहूर्त गरिएको हो ।

यो फिल्ममा अभिनेता दयाहाङ राई शीर्ष भूमिकामा देखिँदैछन् । फिल्ममा दयाहाङको जोडी अभिनेत्री आँचल शर्मा रहेकी छिन् । दयाहाङ र आँचलले पहिलो पटक पर्दा शेयर गर्न लागेका हुन् ।

अगामी शुक्रबारबाट ओखलढुंगाबाट फिल्मको छायाँकन शुरु हुने निर्माण टिमले जानकारी दिएको छ । मण्डला थिएटरमा २०७१ मा तीन पटकसम्म मञ्चन भएको 'डिग्री माइला' नाटकको थिमबाट फिल्म निर्माण गर्न लागिएको हो । शैक्षिक बेरोजगारीले युवाहरुमा ल्याएको निराशामा आधारित भएर फिल्म बन्नेछ । नाटक पनि यही विषयमा केन्द्रित थियो ।

नयाँ वर्ष २०८१ लाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको छ । बासुरी फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मको ट्यागलाइन 'किन चाउरियो मरिच, आफ्नै रागले' राखिएको छ ।

---



# Panchkhapan Municipality
## Office of Municipal Executive
### Wana, Sankhuwasabha

## Invitation for Bids

**Contract Identification Number: PMW/SS/NCB/RUP/02/080/81**
**First Date of publication: 2080/05/31(17th Sep, 2023)**

1. Panchkhapan Municipality, Office of Municipal Executive electronic bids from Nepalese eligible bidders for the construction of Road Upgrading Work under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 1,35,77,745.25/-
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Panchkhapan Municipality, Wana Sankhuwasabha, panchkhapan.mun@gmail.com, 029-411083 and panchkhapan.mun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost Rs 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nabil Bank Ltd.**
   **Name of Office : Panchkhapan Municipality**
   **Office Account no. : 21301017500030**
   **Rajaswa (revenue) Shirshak no. : 31151**
4. Pre-bid meeting shall be held at Panchkhapan Municipality Wana Sankhuwasabha at 13:00 on 2080/06/15
5. Electronic bids must be submitted to the office Panchkhapan Municipality Wana Sankhuwasabha through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2080/06/30. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 and 2080/06/30 at the office of Wana Sankhuwasabha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 3,40,000.00/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Description and Location of Work | Estimated Amount (with VAT and PS) NRs. | Bid Validity Period | Bid Security | | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|---|
| | | | | | Amount | Validity period | |
| 1 | PMW/SS/NCB/RUP/02/080/81 | Bhaisichowk Chungkhurung Yansijung Motor Bato Staronnati | 1,35,77,745.25 | 90 days 2080/10/1 | 3,40,000/- | 2080/11/02 | 3000.00 |

चोटका कारण भारतविरुद्धको एसिया कपको फाइनलबाट बाहिर भएका हुन् । तर उनी अर्को महिनाबाट सुरु हुने विश्वकपका लागि तयार हुनेछन् । पाकिस्तानविरुद्ध श्रीलंकाले अन्तिम बलमा जित हात पार्दा थिक्साना घाइते भएका थिए । श्रीलंकाले फाइनलका लागि थिक्सानाको स्थानमा लेगस्पिनर दुशन हेमन्थालाई ११ मा ल्याउने सम्भावना छ । हेमन्थले अहिलेसम्म दुई ओडीआई खेलेका छन् तर तीन प्रथम श्रेणी शतक र एक लिस्ट ए सेन्चुरीसहित ब्याटिङको साथ एक राम्रो विकल्प पनि हो ।

# उपाधि भिडन्त आज



**एसिया कप**

**काठमाडौं/मस–** एसिया कपको उपाधिका लागि आज आइतबार भारत र श्रीलंकाबीच प्रतिस्पर्धा हुँदैछ । श्रीलंकको कोलम्बोमा रहेको आर प्रेमदासा क्रिकेट स्टेडियममा हुने फाइनल खेल नेपाली समयअनुसार दिउँसो सवा ३ बजे शुरु हुनेछ । श्रीलंका एसिया कपको डिफेन्डेडि च्याम्पियन हो ।

साविक विजेता श्रीलंका १३ औं तथा भारत ११औं पटक फाइनल पुगेका हुन् । भारतले सर्वाधिक ७ र श्रीलंकाले ६ पटक एसिया कपको उपाधि जितेका छन् । पाकिस्तानले दुई पटक एसिया कपको उपाधि जितेको छ ।

श्रीलंकाले सन् १९८६, १९९७, २००४, २००८, २०१४ र २०२२ मा उपाधि जितेको थियो । भारतले सन् १९८४, १९८८, १९९०/९१, १९९५, २०१०, २०१६ र २०१८ मा उपाधि जितेको थियो ।

सुपर फोरमा पाकिस्तान र श्रीलंकालाई पराजित गर्दै भारत फाइनलमा पुगेको हो भने श्रीलंका पाकिस्तान र बंगलादेशलाई पराजित गर्दै फाइनलमा पुगेको हो । सुपर फोरको खेलमा भारतले श्रीलंकालाई ४१ रनले पराजित गरेको थियो ।

फाइनल खेलमा श्रीलंकाका मुख्य बल महेश थिक्साना भने उपलब्ध हुने छैनन् । जसले गर्दा श्रीलंकालाई बलिङमा केही कठिनाइ हुने छ । थिक्साना ह्यामस्ट्रिङको

# एसियाडका लागि भलिबल टिम चीन प्रस्थान



**काठमाडौं/मस–** १९औं एसियाली खेलकुदमा सहभागी हुन नेपाली राष्ट्रिय पुरुष भलिबल टिम चीन प्रस्थान गरेको छ । यही सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म चीनको हाङझाउमा हुने एसियाडमा नेपालको पुरुष र महिला दुवै टिमले सहभागिता जनाउनेछ । नेपाली टोली शनिबार अपरान्ह चीन प्रस्थान गरेको हो ।

मानबहादुर श्रेष्ठको कप्तानीमा रहेको पुरुष राष्ट्रिय टोलीलाई भलिबल संघले त्रिभुवन विमानस्थलमा बिदाइ गरेको थियो । खेलाडीलाई भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, सचिव झक बहादुर मिथुन, कोषाध्यक्ष श्याम कृष्ण श्रेष्ठ, संघकी सदस्य अन्जु श्रेष्ठ, महिला प्रशिक्षक जगदिश भट्टले बिदाइ गरेका थिए । नेपाली टोली इरान र बहराइनसँग समुह बी मा रहेको छ । नेपालले पहिलो खेल १९ सेप्टेम्बरमा बहराइनसँग खेल्नेछ भने दोस्रो खेलमा २० सेप्टेम्बरमा इरानसँग खेल्ने छ ।

एसियन गेम्सका लागि नेपाली टोलीको कप्तानी मान बहादुर श्रेष्ठले गरेका छन् । चीन जाने टोलीमा मान बहादुरसँगै मनिष मानन्धर, रबिन चन्द, सफल वि.क, सम्राट भण्डारी, टेक राज अवस्थी, विनोद चन्द, विशाल वि.क., धिरोज काजी बस्नेत, दुर्गा बहादुर खड्का, हेमन्त बहादुर मल्ल र लोकेन्द्र गिरी रहेका छन् । त्यस्तै प्रशिक्षकमा हान अविङ र टीम व्यस्थापकमा संघका महासचिव रोशन श्रेष्ठ रहेका छन् ।

# श्याम तामाङलाई 'टप अफ द वर्ल्ड गल्फ क्लासिक'को उपाधि



**मुस्ताङ/मस–** टप अफ द वर्ल्ड गल्फ क्लासिकको उपाधि लगातार दोस्रो पटक श्याम तामाङले जितेका छन् । मुस्ताङ गल्फ कोर्समा स्टेवलफोर्ड फुल ह्यान्डीक्याप फर्मयाटमा भएको नौ होलको प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन श्याम तामाङले १९ अंकसहित उपाधि रक्षा गरे । उनले लिलाजङ्ग गुरूङलाई हराए । लिलाले १८ अंक बनाउदै दोस्रो स्थान प्राप्त गरे ।

ग्रसतर्फ रबिन रानाले काउन्ट ब्याकमा उपाधि जिते । उनी ११ अंकमा याम राणा र पीबी राईसँग बराबरी भएपछि विजेताको छिनोफानो काउन्ट ब्याकमा गरिएको हो । महिलातर्फ जुनी गुरूङले उपाधि जितिन् । उपाधि जित्ने क्रममा जुनीले १५ अंक जोडिन् । उनले सुष्मा सिंहलाई पराजित गरिन् । दोस्रो भएकी सुष्माले १३ अंक बनाइन् । सिनितरतर्फ १६ अंक सहित बलराम थापा पहिलो भए ।

प्रतियोगिताको क्लोजेस्ट टु द पिनको उपाधि मेजर विजोय मोक्तान, लङगेस्ट ड्राइभको उपाधि माधब सिम्खडा र मोस्ट बर्डिजको उपाधि आत्मराम सिम्खडाले जिते । ४ हजार ६ सय ५० मिटरको उचाइमा भएको प्रतियोगितामा ४ महिला सहित २८ गल्फरको सहभागिता रहेको थियो । विश्वकै सर्वाधिक अग्लो स्थानमा रहेको यो गल्फ कोर्स गीनीज बुक अफ वल्ड रेकर्डमा दर्ज गर्ने प्रक्रियामा रहेको मुस्ताङ गल्फ कोर्सका प्रबन्ध निर्देशक इन्द्रधारा बिष्टले बताए । उनले गल्फबाट लोमान्थाङलाई चिनाउने र विश्वकै गल्फ पर्यटनलाई आकर्षित गरेर यो क्षेत्रको व्यापार व्यवसाय र रोजगारीलाई समेत टेवा पुग्ने जिकिर गरे । गत वर्ष यो गल्फ कोर्सको उद्घाटन भएको हो ।

मुस्ताङ गल्फ कोर्सद्वारा आयोजित प्रतियोगिता लोमान्थाङ गाउँपालिका, नेपाल इन्भेष्टमेन्ट बैंक, प्रभु बैंक, जर्मन बेकरी पोखरा र चिम्ले अर्चिर्डको सहयोगमा सम्पन्न भएको हो ।

विजयी खेलाडी तथा सहभागीलाई लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासी नोर्बु गुरूङ, उपाध्यक्ष छिम्मी बिष्ट, प्रशासकीय अधिकृत बुद्धिराम उपाध्याय, नेपाल गल्फ संघका उपाध्यक्ष पवित्र कुमार कार्की, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाकाका अध्यक्ष लोब्साङ छोम्पेल बिष्ट र मुस्ताङ गल्फ कोर्सका प्रबन्ध निर्देशक इन्द्रधारा बिष्टले पुरस्कार वितरण गरे ।

# राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता हुने




**मकवानपुर/मस–** हेटौंडामा दुई लाख रुपैयाँ राशिको राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता हुने भएको छ । शनिबार पत्रकार सम्मेलन गर्दै आयोजक नागस्वती भेट्रान्स क्लबले आगामी असोज १६ गतेदेखि दोस्रो राष्ट्रिय रनिङ शिल्ड एट ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने जनाएको हो ।

पत्रकार सम्मेलनमा कल्बका अध्यक्ष सोमबहादुर तितुङले प्रतियोगितामा देशभरका ४० वर्ष माथि उमेर समूहका खेलाडीको सहभागिता रहने जानकारी दिए । उनका अनुसार प्रतियोगितामा विजेतालाई दुई लाख एक हजार र उपविजेतालाई एक लाख एक हजार रुपैयाँसहित पुरस्कार वितरण गरिने छ । क्लबका अध्यक्ष तितुङले प्रतियोगितामा देशभरका १८-२० क्लबको सहभागिता रहने जनाउँदै खेलका लागि १६ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको बताए ।

'स्वास्थ्यका लागि खेल' भन्ने नाराका साथ आयोजना गर्न लागिएको उक्त प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्च राख्न सहयोग पुग्ने तितुङले बताए । तीन वर्षअघि स्थापना भएको क्लबले पहिलो वर्ष आयोजना गरेको प्रतियोगितामा आयोजक आफँले उपाधि हासिल गरेको थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/३१**

**प्याराडाइज स्पा प्रा.लि.** को मिति २०७०/०५/०४ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्याराडाइज वेलनेस स्पा प्रा.लि. (प्रा.लि. नं.: २०९५७२)** कायम गर्ने गरी मिति २०८०/०५/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Shey-Phoksundo Rural Municipality
## Office of the Rural Municipal Executive
**Saldang, Dolpa**
**Karnali Province, Nepal**

### Invitation For Electronics Bids

**Contract Identification No: SPRM/NCB/LISP/DOP/WORKS/080-081-02**
**Date of publication: 17-Sep.-2023 AD (2080-05-31 BS)**

1. Shey-Phoksundo Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Saldang Sichai Kulo Marmat Yojana under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 79,81,521.83 (Inclusive VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shey-Phoksundo Rural Municipality-3, Saldang, Dolpa, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids,. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Prabhu Bank Ltd. Saldang Branch, Dolpa**
   **Name of Office : Shey-Phoksundo Rural Municipality, Dolpa**
   **Office Code no. : 53-366-12**
   **Office Account no. : 1650133537700071 (GA-1-1 Antarik Rajasawa Khata)**
   **Office Account no. : 1650133537700041 (Dharauti (Deposit) Account**
   **Purpose of deposit (compulsory) : SPRM/NCB/LISP/DOP/WORKS/080-081-02**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 17/10/2023 AD (2080-06-30 BS). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17/10/2023 AD (2080-06-30 BS). 14:00 at the office of Shey-Phoksundo Rural Municipality, Dolpa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 2,00,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
   Bidder who choose to deposit cash as bid security account is mentioned below:
   **Name of the Bank : Prabhu Bank Ltd. Saldang Branch, Dolpa**
   **Name of Office : Shey-Phoksundo Rural Municipality, Dolpa**
   **Office Code no. : 53-366-12**
   **Office Account no. : 1650133537700071 (GA-1-1 Antarik Rajasawa Khata)**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**काहुले, नुवाकोट**
**बागमती प्रदेश**

### ठेक्का स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०/०५/३१)**

मिति २०८०/०४/०९ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क स | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु (भ्याट समेत) |
|---|---|---|---|---|
| 1. | 02/KISPANG /GOODS/ 2080/081 | Procurement Of 4WD Double Cab Pick-UP | Agni Incorporated Pvt. Ltd Panipokhari, Kathmandu Nepal | 31,25,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

पछिल्लो केही वर्षदेखि विशेषगरी सहरी क्षेत्रमा सञ्चालनमा रहका ठूलो संख्याका सहकारीहरुमा विभिन्न खालका समस्या देखिन थालेका छन् । ठूलो कारोबार गर्ने केही नाम चलेका सहकारीका सञ्चालकहरु एकपछि अर्को गर्दै मुद्दामा फस्न थालेका छन् । तर, ललितपुर कुमारीपाटीस्थित सञ्चालनमा रहेको आर्जन बचत तथा ऋण सहकारी संस्था भने आफ्ना शेयर सदस्यहरुमा लोकप्रिय बन्दै गएको छ । पछिल्लो आर्थिक संकट र सहकारीहरुमा विश्वासको प्रश्न पैदा भएको समयमा नाफा आर्जन भन्दापनि विश्वास आर्जनलाई मुख्य बनाएर सो सहकारीले शेयर सदस्यहरुमाझ एक्यबद्धता कायम गर्न सफल भएको छ । प्रस्तुत छ, सोही सहकारीका अध्यक्ष **प्रविण सुवेदी**सँग सहकारीसँग विविध समसामयिक विषयमा मध्यान्ह दैनिकका संवाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :



# ‘सहकारीलाई स्वनियम लागू गरेर नै सफल बनाउन सकिन्छ’

**अधिकांश सहकारीहरु समस्याबाट गुज्रिरहेको अवस्थामा आर्जन बचत तथा ऋण सहकारी संस्थाको अवस्था कस्तो छ ?**

पक्कैपनि बजारमा अरु सहकारीहरुलाई असर गर्ने विषयले हामीलाई पनि असर गर्छ । सहकारी भन्ने वित्तिकै हामीले निक्षेप र ऋण भन्ने विषयलाई बुझ्ने गर्छौं । हामीले बजारबाट धेरैभन्दा धेरै निक्षेप संकलन गर्नेभन्दापनि निश्चित सर्कल बनाएर निक्षेप संकलन गर्ने अभ्यास गरेका छौं । त्यसैले हामीले निक्षेपको आधारमा ऋण प्रवाह पनि पनि गर्ने गरेका छैनौ ।

त्यस्तै, हामीले निश्चित एक व्यक्तिबाट सहकारीको विषयमा निर्णय गर्ने नभएर सामूहिक रुपमा निर्णय प्रकृयालाई अभ्यास गर्ने गरेका छौं । हामी सञ्चालकहरु पनि आ-आफ्नै उद्यम तथा व्यवसायमा प्रतिष्ठित व्यक्तिहरु छौं जसले गर्दा हामी कोहीपनि संस्थाको आम्दानीमा भर पर्दैनौं । यसकारणले सहकारीलाई सञ्चालन गर्न र आइपर्ने समस्यासँग जुध्न हामीलाई सजिलो छ ।

कोभिड महामारीको बेलामा सहकारीमा नगद ११ करोड सम्म तरलता पुगेको अवस्था थियो, तरपनि हामीले कहिल्यै जोखिमपूर्ण क्षेत्रमा वा घरजग्गाको क्षेत्रमा लगानी गर्ने निर्णय गरेनौं । हामीले छुट्टै नयाँ गर्ने भनेर मिहेनत पनि गरेका छैनौ तर, हामीले गर्न नहुने काम मात्रै नगर्दा संस्थाको अवस्था विषम परिस्थितिमा पनि स्वस्थ रहन सकेको छ ।

**पछिल्लो समयमा खासगरी सहरी क्षेत्रका धेरै सहकारीहरुको लगानी जोखिमपूर्ण रहेको देखिन्छ । आर्जन बचतको लगानी जोखिमरहित हुन कसरी सफल भयो ?**

सामान्तया हामीले पनि ऋण दिंदा धितोको रुपमा घर तथा जग्गा लिने गरेका छौं तर, हामीले त्यो व्यक्तिले ऋण के को लागि माग्दैछ भन्ने विषयलाई महत्वका साथ हेर्ने गरेका छौं । ऋण के को लागि लिन खोजेको र तिर्ने आधार के छ भन्ने विषयलाई महत्वका साथ हेर्ने गर्छौं । यदि कसैले ऋण लिएर जग्गा प्लटिङ गर्छु भन्छ भन्ने त्यो मागमा हामीले ऋण लगानी गर्ने गरेनौं । तर, घर-जग्गा धितो राखेर आम्दानी हुने उद्यम तथा व्यवसायमा लगानी गर्ने गरेका छौं ।

ऋण लगानी गर्ने सन्दर्भमा हामीले बोर्डमा राम्रोसँग छलफल गरेर एकमत भएर निर्णय गर्ने गर्छौं । पाँच लाख भन्दा माथिको ऋण लगानी गर्दा बोर्डमा छलफल गरेर निर्णय गर्ने र धितो मूल्यांकन गर्ने व्यक्तिहरु कर्मसियल बैंकमा काम गर्नेहरुबाट नै गरिने हुँदा हामीले जोखिमपूर्ण क्षेत्रमा कर्जा लगानी सकेसम्म नगर्ने स्थिति बनाएका छौं ।

हामीले ऋण प्रवाह गर्ने क्रममा कन्जरभेटिभ भएर नै निर्णय गर्छौं, हामीले धितो मूल्यांकनको बढीमा ५० प्रतिशत मात्रै ऋण लगानी गर्ने गरेका छौं ।

**सहकारीको नेतृत्वमा रहेर सञ्चालन गर्दै गर्दा नीतिगत र व्यवहारिक समस्याको अनुभव कसरी गरिरहनुभएको छ ?**

हामीले सहकारीलाई स्वनिर्णयका आधारमा नै राम्रोसँग सञ्चालन गर्ने प्रयास गरिरहेका छौं । त्यसैले नियामक निकाय र नीतिगत विषयहरुमा त्यतिधेरै ध्यान दिएका छैनौं । तर, नियामक निकायले ल्याएको नियमलाई हामीले मान्दिछौं । त्यो भन्दा बाहेक हामीले के गर्नुपर्‍थ्यो भन्नेमा हामी गएका छैनौं ।

नियामक निकाय भन्ने त छँदैछन भन्दापनि हुन्छ । किनकी जसलाई नियामक निकाय भनिएको छ तीसँग न जनशक्ति छ न प्रविधि नै छ । कसैसँग पनि नियमन गर्न सक्ने क्षमता नै छैन । भविष्यमा पनि सहकारीहरुका समस्या समाधान हुने देखिँदैन ।

**सहकारीलाई नाफामूलक ढंगले सञ्चालन गर्न र उद्देश्य प्राप्त गर्न कसरी काम गर्नुपर्छ ? तपाईंको अनुभव कस्तो रह्यो ?**

यसको लागि सबैभन्दा पहिला सहकारीलाई राम्रोसँग सञ्चालन गर्छु भन्ने विषयमा नेतृत्वको नियत नै ठिक हुनुपर्‍यो । सहकारीलाई मैले नराम्रो बन्न दिन्न, प्रकृयामा नै रहेर काम गर्छु भन्ने हुनुपर्‍यो । पक्रियाले पनि हामीलाई नराम्रो हुनबाट रोक्छ ।

त्यसैले सबैभन्दा सहकारीको सिद्धान्तले भनेको कुरालाई मान्नपर्‍यो । कोष राख्नपर्ने विषयलाई मान्नुपर्‍यो, सञ्चालकहरुलाई अनावश्यक सेवा सुविधा दिनुभएन । मान्ने कुराहरुलाई मान्ने हो भने सहकारी असफल हुँदैन । विश्वभरी नै सहकारी भनेको स्वनियममा आधारित भएर सञ्चालन हुने संस्था हुन् । यसलाई नियम कानून बनाएर ऐन कानून बनाएर साध्य नै हुँदैन ।

**तपाईंको सहकारीले मोबाइल एप्लिकेसन बनाएर डिजिटल कारोबारलाई प्रोत्साहन गरेको रहेछ । प्रविधिमैत्री बन्दा सहकारी सञ्चालन गर्न सजिलो हुन्छ ?**

हो हामीलाई प्रविधिको सहायताले काम गर्न धेरै सजिलो भएको छ । असार मसान्तमा ऋणको ब्याज तथा सावाँ आउनुपर्ने हुन्छ । बेलुका हेर्‍यो भने ऋणीले खातामा पैसा पठाइरहेको देखिन्छ । यसले कारोबारमा सजिलो पनि बनायो भने विश्वास पनि बढाउने काम गरेको छ । साथै सहकारीकर्मीहरुलाई समयको बचत पनि भएको छ ।

प्रविधिको कारणले अन्य बैंकले दिएका सुविधा जस्तै समयको ख्याल नगरी कारोबार गर्न सकिने अवस्था बनेको छ । व्यक्तिगत रुपमा भन्दा मैले नै चेकबुक प्रयोग नगरेको दुई वर्ष भयो । प्रविधिले हामीलाई निकै सहयोग गरेको छ र अब थप अगाडि जानको लागि पनि प्रविधिको नै सहयोग लिने हो ।

**अब सहकारीहरुलाई कारोबारका आधारमा राष्ट्र बैंकले समेत नियमन गर्ने विषय अगाडि बढाउन खोजिएको छ । यो पाटोलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

नीति निर्माताहरुले यो विषयमा सोचेर नै ल्याउन खोजेका होलान । त्यहाँ बहस हुँदै गरेको देखिएको छ । हामीले नीति निर्माणको क्षेत्रमा आफ्नो सुझाव दिने मौका पाएका छैनौं । तर, यो क्षेत्रमा धेरै नीति ल्याएर केही पनि हुँदैन । अनुशासनमा बसेर काम गर्‍यो भने आफैं राम्रो हुन सम्भव छ ।

पहिला शुरुमा धेरै छाडा छाड्ने र पछि नियम ल्याउँदा यसले बजारमा झन नकारात्मक विषय ल्याउँछ । नियम ल्याउँदा पनि सोचविचार गरेर ल्याउनपर्छ । एकैपटक कारोबारमा सीमितताको कुरा ल्याइयो भने त्यसले झनै अन्यौलको वातावरण सिर्जना गर्छ । अहिले केही अगुवाहरु पनि यो विषयमा लागेका छन्, जसले सहकारीलाई यहाँसम्म ल्याउन भूमिका निर्वाह गर्नुभयो तर, उहाँहरु नै स्वनियममा बस्नुभएन । नीति निर्माणमा सुझाव दिन जो लाग्नुभएको छ, उहाँहरु नै स्वनियममा नबस्नुभएको र उहाँहरुकै सहकारीमा समस्या भएको देखिएको छ । सहकारीहरुमा भएका समस्या समाधान गर्ने उपाय के छ भन्ने विषयमा भने सही अन्वेषण गर्नुपर्छ र गर्न सकिन्छ ।

## आर्जन बचत सहकारीको लाभांश वितरण, जोखिमपूर्ण कर्जा शून्य

**ललितपुर/मस–** ललितपुर कुमारीपाटी स्थित सञ्चालनमा रहेको आर्जन बचत तथा ऋण सहकारी संस्थाले आफ्ना शेयरधनीहरुलाई ८ प्रतिशत नगद लाभांश प्रदान गर्ने भएको छ । शनिबार सम्पन्न संस्थाको १४ औं साधारणसभाले गत आर्थिक वर्ष (आव) ०७९/८० को वार्षिक प्रतिवेदन र चालु आवको अनुमानित बजेट पारित गर्दै सो लाभांश पारित गरेको हो ।




साधारणसभामा संस्थाका अध्यक्ष प्रविण सुवेदीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनअनुसार गत आव ०७९/८० सम्ममा संस्थाको चुक्ता शेयर पुँजी तीन करोड उन्चालिस लाख सतसठ्ठी हजार नौ सय रुपैयाँ पुगेको छ । संस्थाको कारोबारमा भने अघिल्लो आर्थिक वर्ष ०७८/७९ को तुलनामा १२ दशमलव १० प्रतिशतले संकुचन आई उन्तिस करोड त्रिपन्न लाख साठी हजार दुई सय बयासी रुपैयाँ बराबर पुगेको संस्थाका अध्यक्ष सुवेदीले बताए ।

सुवेदीका अनुसार गत आव ०७९/८० मा संस्थाले बाइस करोड छत्तिस लाख दुई हजार दुई सय चौबिस रुपैयाँ बराबर निक्षेप गर्न सफल भएको र सोही आवको अन्त्यसम्म तेइस करोड एक्काइस लाख सात हजार तीन सय रुपैयाँ कर्जा लगानी पुँजी पुगेको छ । गत आवमा संस्थाले सात करोड दश लाख चौरानब्बे हजार रुपैयाँ नयाँ कर्जा लगानी गरेको छ भने सोही अवधिमा तेह्र करोड दुई लाख सात हजार चार सय नब्बे रुपैयाँ कर्जा असुली गरेको छ ।

अध्यक्ष सुवेदीका अनुसार संस्थाले गत आवमा आयकर पछिको खुद नाफा ७६ लाख आठ हजार ६ सय ६४ रुपैयाँ आर्जन गर्न सफल भएको छ ।

## Surma Rural Municipality
### Office Of The Rural Municipal Executive
Daulichaur, Bajhang
SudurPashim Province, Nepal

### Invitation for Bid

Date of Publication ( 17 Sept, 2023)

1. The Surma Rural Municipality Daulichaur Bajhang online bids from eligible bidders for the construction of the following work .

| Contract Identification No. | description of work | Estimated cost (without VAT) | Bid Doc. Fee NRS | Bid Security Rs | Bid Security Validity | Re-marks |
|---|---|---|---|---|---|---|
| SRM-BLB-01-2080/2081 | Bidhut Line Bistar Ward No. 1,2,3 | 5529082.01 | 3000 | 140000 | 120 day | |
| SRM-PMCW-02-2080/2081 | Surma sarobar Padmarga, Surma -4 bajhang | 14504495.43 | 3000 | 400000 | 120 day | |

2. Eligible bidders may obtain further information from PPMO Website : www.bolpatra.gov.np

| Last date & time for bid Purchase | Last date & time for bid submission | Date & time for bid opening |
|---|---|---|
| Date : Oct. -17, 2023 12 :00 Surma sarobar Padmarga Date : Oct., -17, 2023 12 :00 Bidhut Line Bistar | Date : Oct -17, 2023 12 :00 Surma sarobar Padmarga Date : Oct. -17, 2023 12 :00 Bidhut Line Bistar | Date : Oct -17, 2023 14 :00 Surma sarobar Padmarga Date : Oct -17, 2023 14 :00 Bidhut Line Bistar |

| Cash deposit for purchases of bid dacument | | Cash deposit for bid security | |
|---|---|---|---|
| Bank | Everest Bank Surma Branch, Daulichaur, Bajhang | Bank | Everest Bank Surma Branch, Daulichaur, Bajhang |
| Account Name | Surma Rural Municipality Rajaso Khata | Account Name | Surma Rural Municipality Dharauti Khata |
| Account Number | 07800106200004 | Account Number | 07800106200003 |
| Office Code | 801077012 | Office Code | 801077012 |

लक्ष्मी राज जोशी
नि. प्रमुख प्रशासकिय अधिकृत

## मोहन्याल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### नदिजन्य सामग्रीको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२९)
(दोश्रो पटक प्रकाशित मितिः २०८०/०५/३१)

यस मोहन्याल गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा भएको व्यवस्था अनुसार यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी तोकिएको दरमा कर दस्तुर रकम संकलन गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले E–Bidding मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ । नदिजन्य पदार्थको बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मितिदेखि २०८१ जेष्ठ मसान्तसम्मका लागि हुनेछ ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का रकम रु. (अंकमा) (कर बाहेक) | न्युनतम बैंक जमानत | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/G/1/2080/081 | बुका खोला | ६२५० | १३,२५,००० | ७५,००० | ३००० |
| २ | MRM/NCB/G/3/2080/081 | ढाँडे खोला | २११५४ | ४४,८४,६४८ | २,५४,००० | ३००० |
| ३ | MRM/NCB/G/5/2080/081 | कारवा खोला | ८७७५ | १८,६०,३०० | १,०६,००० | ३००० |
| ४ | MRM/NCB/G/6/2080/081 | पथरैया खोला | १०१०८ | २१,४२,८९६ | १,२२,००० | ३००० |
| ५ | MRM/NCB/G/7/2080/081 | सांघुरे खोला | १३०६७ | २७,७०,२०४ | १,५७,००० | ३००० |
| ६ | MRM/NCB/G/8/2080/081 | बरपानी खोला | १६६६३ | ३५,३२,५५६ | २,००,००० | ३००० |
| ७ | MRM/NCB/G/10/2080/081 | झाप्री खोला | ३८१४२ | ८०,८६,१०४ | ४,५७,००० | ३००० |
| ८ | MRM/NCB/G/11/2080/081 | खण्डे खोला | १७१०१ | ३६,२५,४१२ | २,०५,००० | ३००० |
| ९ | MRM/NCB/G/12/2080/081 | सिमली खोला | १२४५६ | २६,४०,६७२ | १,५०,००० | ३००० |
| १० | MRM/NCB/G/13/2080/081 | सुनपाल खोला | १५१८८ | ३२,१९,८५६ | १,८२,००० | ३००० |
| ११ | MRM/NCB/G/14/2080/081 | ठुलीगाड खोला | ४०५०१ | ८५,८६,२१२ | ४,८६,००० | ३००० |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मितिः | २०८०/०६/१४, कार्यालय समय सम्म |
| बोलपत्र पेश गर्ने अन्तिम मितिः | २०८०/०६/१५, १२ : ०० बजे |
| बोलपत्र खोल्ने मिति, समय र स्थानः | २०८०/०६/१५, १४ : ०० बजे<br>मोहन्याल गाउँपालिकाको कार्यालय, खिमडी, कैलाली । |
| आन्तरिक राजश्व खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२७२०१ |
| धरौटी खाता नं. | बैंकको नाम : सिटिजन्स बैंक ईन्टरनेसनल लि.<br>खातावालाको नाम : मोहन्याल गाउँपालिका<br>खाता नं. : ०७७०१००००००२४२०१ |

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**